सर्वोच्च अदालतमा केजरीवाल सरकार र केन्द्रबीच... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक ६५ • २०८० साल साउन ८ गते सोमबार (24 July, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

## रेलवे स्टेशनमा महिलाको पौने तीन लाख लुटियो



**टुडे समाचारदाता**

जनकपुरधाम । श्रीमानलेविदेशबाट पठाएको पौने तीन लाख रुपैयाँ जनकपुरधामरेल्वे स्टेशनमा एकजना महिलाबाट लुटिएको छ।

धनुषाको जनकनन्दनी गाउँपालिका - ६ कठाल घर भएकी सुनिताकुमारी यादवबाट २ लाख ७० हजार रुपैयाँ लुटिएको छ।

रेलमा चढ्ने वित्तिकै उनले बोकेकी ह्याण्ड ब्याग गायब भएको बताइएको छ। लुटिएकी महिला यादवले जनाए अनुसार एनआइसी एसिया बैंकबाट झिकिएको २ लाख ७० हजार नगद ब्यागमा रहेको थियो। उनले ब्यागमा करीब १० हजार मूल्य पर्ने सुनको गरगहना समेत रहेको जनाएकी छन्।

'एनआइसी एसिया बैंकमा श्रीमानले विदेशबाट पठाएको रुपैयाँ घर व्यवहारका लागि झिकेकी थिए' उनले भने, नगद राखिएको ब्यागमा १० हजार जतिको सुनको गरगहनासमेत रहेको थियो।

रेलवेमा चढने वितिकै ब्याग खोज्दा गायब भएको उनले बताइन् ।तत्काल नै घटनाबारे रेलवे स्टेशनमा रहेका प्रहरीलाई जानकारी गराइएको उनले बताइन्।

उनका श्रीमान सञ्जु यादव खाडी मुलुकमा छन् । गाउँमा सुनिताले जग्गा खरिद गरेकी थिइन्। जग्गाधनीलाई दिन भनी बैंकबाट निकालिएको रुपैयाँ घर लग्ने क्रममा लुटिएको उनले बताइन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी वेदप्रसाद गौतमले रेल्वे स्टेशनमा महिलाको ब्याग चोरिएको बताए । उनले घटनाको अनुसन्धान भइरहेको बताउँदै अपराधीको खोजी कार्यलाई तीव्र बनाइएको बताए।

# सीमा र सचिनको कारण सीमा क्षेत्रमा कडाइ

**टुडे समाचारदाता**

भिठ्ठामोड(महोत्तरी) । भारतमा अत्यन्त चर्चित बनेका सीमा हैदर र सचिन मिणाको जोडीको कारण भारतसित सीमा जोडिएको धनुषा र महोत्तरीको सीमामा कडाइ गरिएको छ।

पाकिस्तानी नागरिक सीमा हैदर चार जना छोराछोरीसहित काठमाण्डुबाट भिठ्ठामोड भन्सार हुँदै सहज रुपमा भारत प्रवेश गरेपछि सीमामा कडाइ गरिएको छ।

सीमा क्षेत्रमा दिएको 'लाइन'पनि पूर्णरुपमा बन्द गरिएको छ। आलु र प्याजमासमेत रोक लगाइएको छ। झोलामा ल्याइने आलु,प्याजसमेत जफ्त गर्न थालिएको स्थानीय बासिन्दाहरुले जनाएका छन्।

भारतीय सीमावर्ती बजारबाट नेपालीहरुले दैनिक उपभोग्यका वस्तुहरु ल्याउने गरेका छन्। सर्वसाधारणले ल्याउने मालसामानको मात्र जाँच नभइ मानिसहरुको समेत कडाइका साथ जाच गर्न थालिएको छ।

भारतीय सीमामा जाने नेपालीहरुलाई अनिवार्य रुपमा परिचयपत्र र भारतीय नागरिकको आधार कार्ड देखाउन भनिएको छ। पहिचान प्रष्ट नहुनेलाई नेपाली भूभागबाट भारतमा र भारतबाट नेपालमा आउजाउ गर्न रोक लगाइएको छ।

सीमावर्ती भारतीय बजार सुरसण्डस्थित टुडे सहकर्मी राजु सोनीका अनुसार पाकिस्तानी नागरिक सीमा हैदरलाई चार बच्चासहित सचिन मिणाले भिठ्ठामोड नाका हुँदै सहजै उत्तरप्रदेशको नोयडा पुऱ्याएपछि सीमामा तैनाथ अधिकारीहरुलाई कारबाही हुने संकेत आएपछि कडाइ गरिएको छ। सीमा हैदरले 'पबजी' गेम खेल्ने क्रममा सचिनसित मायाप्रीति बसेको र बिवाह गरी भारत आएको बताउने गरेकी छन्। पाकिस्तानी नागरिकलाई भारतमा प्रवेश निषेध छ। पाकिस्तानी नागरिकलाई सीमामा प्रवेश गर्न रोके पनि नेपाली सीमा नाकाबाट निर्वाध प्रवेश गरिरहेकाले भारतको गृह र रक्षा मन्त्रालय गम्भीर देखिएका छन्।




सीमा हैदर आइएसआइका लागि काम गर्ने जासुस रहेको भारतका कयौं अधिकारीहरुको आशंका छ।भारतको विभिन्न सुरक्षा एजेन्सीहरुले पटक/पटक सीमा हैदर र सचिनसित वयान लिइरहेका छन्। यद्यपि सीमाबारे हाल भारत सरकारले कुनै निर्णय गरेको छैन्। सीमा हैदरले सचिनसित भारतमा बस्न नदिए पाकिस्तान फर्किन नसक्ने बताउँदै आत्महत्या गर्ने धम्की समेत दिने गरेकी छन्।

चार जना छोराछोरीसहित अर्का युवकसित बिवाह गरेको दाबी गरिरहे पनि जाच एजेन्सीहरुले उनको विश्वास गर्न सकेका छैनन्।

सीमा क्षेत्रमा नेपाली र भारतीय नागरिकलाई समेत अनिवार्य रुपमा परिचय खुल्ने प्रमाणपत्र देखाउन अधिकारीहरुले कर गर्न थालेका छन्। परिचयपत्र नभएका नागरिकलाई सीमा क्षेत्रमा आउजाउ गर्न रोकिएको सोनीले जनाएका छन्।

काठमाण्डु विमानस्थलबाट आइरहेको तस्करीको सुन भीठ्ठामोडलगायतका नाकाहरुबाट भारत जाने गरेको छ। तस्करहरुले देशका प्रायःअधिकांश प्रवेशमार्गलाई सुन तस्करीका लागि प्रयोग गरे पनि मधेश प्रदेश र लुम्बिनी प्रदेशलाई बढी सुरक्षित मानिन्छ।

सीमा हैदरको प्रकरणकै बेला तस्करीको सुन भारीमात्रामा बरामद भएपछि सीमा क्षेत्रमा झन कडाइ गरिएको छ। स्रोतहरुका अनुसार दुबै देशका सुरक्षा अधिकारीहरुको संलग्नतामा नै सुनको तस्करी भइरहेको छ।

भारतले नेपालसित जोडिएको सीमा क्षेत्रमा गृहमन्त्रालय मातहतको सशस्त्र सीमा सुरक्षा बल( एसएसबी) भारी संख्यामा तैनाथ गरेको छ। तर उनीहरुले पनि प्रलोभनमा परेर सुन, लागूऔषध, मदिरा लगायतको तस्करीलाई सुरक्षित रुपमा गन्तव्यसम्म पुऱ्याउन सघाउने गरेको आरोप लाग्दै आएको छ।

केही महिना पूर्व भिठ्ठामोड भन्सारबाट भारत प्रवेश गरेका चिनिया नागरिक पक्राउ परेका थिए। त्यसपछि सीमा हैदर चार जना बच्चासहित सुरक्षित रुपमा दिल्ली पुगेपछि नाकामा सुरक्षा जाँच अत्यन्त फितलो रहेको अधिकारीहरुले मूल्यांकन गरेका छन्।

सीमा क्षेत्रमा कडाइ गरिएपछि सर्वसाधारणलाई सास्ती भइरहेको सोनीले जनाएका छन्। सीमावर्ती क्षेत्रमा हाल मदिरा, सुन र लागूऔषधको तस्करी अत्यन्त फस्टाएको छ।

सुन तस्करी भारी मात्रामा हुन थालेको कारण भारतीय रुपैयाको सीमावर्ती क्षेत्रमा अवमूल्यन भएको छ। सयकडा १० रुपैयाँ कममा भारतीय रुपैयाँको कारोबार हुन थालेको छ। सीमामा सरकारले तस्करी लगायतका अवैध धन्धाहरु रोक्न गरेको भारी लगानी सार्थक हुन सकेको छैन्।

## रौतहटमा मिटर ब्याज सम्बन्धी २ सय ७७ मुद्दा फछ्र्योट, १८ सय १ मुद्दा बाँकी

**ओम प्रकाश यादव**

गरुडा (रौतहट ) । जिल्ला प्रशासन कार्यालय रौतहटले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी २ सय ७७ मुद्दाको फछ्र्योट गरेकोछ।

जिल्ला प्रशासनमा २ हजार ७८ उजुरी परेको थियो।त्यसमध्ये २ सय ७७ मुद्दा फछ्र्योट भएकोछ।

पीडित र पीडक अर्थात ऋणी र साहु दुबै पक्षलाई बोलाएर ४ सय २ उजुरीमाथी छलफल गर्दा २ सय ७७ उजुरीको टुंगो लागिसकेको तथा बाँकी उजुरीमाथि पनि छलफल गरी टुंगो लगाउने कार्यलाई तीव्रता दिइएको रौतहटका प्रमुख जिल्ला अधिकारी (सीडीओ) धर्मेन्द्र कुमार मिश्रले बताएका छन्।

'मिटर ब्याज सम्बन्धी उजुरीमाथि छलफल गरी टुंगो लगाउन कर्मचारीहरुको एउटा छुट्टै टोली गठन गरिएको छ ' मिश्रले भने, दैनिक सरदर १० वटा भन्दा बढी उजुरीमाथि छलफल हुने गरेकोछ।

मिटर ब्याजीको चपेटामा परेका पीडितलाई न्याय दिलाउन आफूहरु कुनै कसर बाँकी नराखेको बताउँदै सीडीओ मिश्रले पीडितलाई न्याय दिलाउन प्रशासनले कसैसंग कुनै प्रकारको समझौता नगर्ने स्पष्ट पारे।

मिटर ब्याज सम्बन्धी परेको उजुरीमाथि छलफलका लागि बोलाउँदा आउन नचाहने साहुलाई आफूहरु पक्राउ गरी ल्याउने गरेको र पीडितसंग रकम लेनदेन बारे आपसी सहमति तथा समझदारी गरेपछि मात्र छाड्ने गरेको उनले बताए।

छोटो समयमा धैरै कमाउने लोभले मिटर ब्याजमा लगानी गर्ने धन्धा मौलाउँदा सामाजिक र आर्थिक अपराधको जोखिम बढाएको उनको तर्क छ।

गैरकानुनी मानिएको मिटर ब्याजमा गरिएको ठूलो लगानी असुल हुन नसकेपछि लगानीकर्ताको भागाभाग भएको छ। छोटो समयमा धैरै कमाउने लोभले लगानी गरेको रकमको तीन देखि चार गुणासम्म बढीको तमसुक गराउनुका साथै धितो स्वरुप घर जग्गासमेत रजिष्ट्रेसन गराएर चर्को ब्याजमा रकम लगानी गर्ने साहुहरुमाथि ऋणीहरुले यतिखेर मिटर ब्याज सम्बन्धी उजुरी दिएपछि साहुहरु तनावमा परेका छन्।

एक लाखको बीस लाखसम्म लिएर पनि अझै रकम दिनुपर्ने माग गर्ने र मागेको जति रकम नदिए उल्टै अदालतमा मुद्दा दिने तथा जग्गा फिर्ता नदिने जस्ता साहुहरु अपराध गर्न थालेपछि न्यायका लागि पीडितहरु जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको बताएका छन्।

प्रशासनले मिटर ब्याजीलाई धमाधम पक्राउ गर्न थालेपछि अनुचित लेनदेन गर्ने साहुहरुको यतिखेर भागाभाग भएकोछ ।

सामाजिक कार्यका लागि छिमेकी साहुहरुसित ऋण लिएर गर्जो टार्ने काम बन्द भएकोछ।

बैंकले लगानी नगर्ने क्षेत्रमा सामाजिक स्तरबाट ऋण लिने चलन बन्द जस्तै भएपछि ठूलो नकारात्मक प्रभाव देखिन थालेकोछ । छोरीको विवाह रोकिएको, बच्चालाई उच्च शिक्षा अध्यनका लागि डोनेशन दिन समस्या भएको, विदेश जान रकम नहुँदा कठिनाइ भइरहेको छ।

केही व्यक्तिहरुले जग्गा नै राजीनामा पास गरेर ऋण लिन बाध्य भएका छन्। ऋण लिएको भन्दा बढी थैली राखेर ऋणका लागि जग्गा पास गर्न लाग्ने सम्पूर्ण खर्च ऋणीले नै ब्यहोर्नु परिरहेकोछ। सरकारले कानुन नबनाएसम्म पुरानो कानुन अनुसार कपाली तमसुकको आधारमा लेनदेन हुँदै आएको थियो।

## चेक बाउन्समा पक्राउ गर्न खोज्दा विषसेवन

**टुडे समाचारदाता**

बिराटनगर । जिल्ला प्रशासन कार्यालय परिसरमा एकजना युवकले आइतवार विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन्।

लेनदेनको मुद्दामा छलफलका लागि जिल्ला प्रशासन कार्यालय पुगेका बिनित सोनारले विष सेवन गरी आत्महत्याको प्रयास गरेको बताइएको छ।

सोनारसित डा.नितेष तिवारीको लेनदेनको विषयमा छलफल चलिरहेकै बेला २ वटा चेक बाउन्सको मुद्दामा पक्राउ गर्न प्रहरी जिल्ला प्रशासन कार्यालयमा पुगेका थिए।

सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा छलफलपछि निस्किएका सोनारलाई कार्यालय परिसरभित्रै प्रहरीले नियन्त्रणमा लिने प्रयास गरेपछि साथमा रहेको विष सेवन गरे।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जनकुमार दाहालका अनुसार डा.तिवारी भन्दा फरक दुई जनाको चेक बाउन्सको अपराधमा उनलाई प्रहरीले पक्राउ गर्न चाहेको थियो।

SEE/SLC पछि Dental Science मा

भर्ना खुल्यो

नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.

जनकपुरधाम-७, धनुषा

CTEVT बाट सम्बन्धन प्राप्त विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हाँस्पिटल एण्ड टेक्निकल रिसर्च ईन्सिच्युट प्रा.लि.मा शैक्षिक सत्र २०८०/८१ मा

Certificate in Dental Science (Dental Hygienist)

(३ वर्षे) कोर्षमा भर्ना खुल्यो ।



फाराम भर्ने अन्तिम मिति : २०८०/०४/१२

प्रवेश परीक्षा मिति : २०८०/०४/२४ बिहान ८:०० बजे

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.

Janakpurdham - 7, Dhanusha

(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हाँस्पिटल देखी १०० मी. अगाडि)

Contact No. : - 9844022464, 9817686279, 9804871851



# शेयर धितो कर्जाको जोखिम भार कति तोक्ने भन्नेमा हामी स्पष्ट छौँ : गभर्नर अधिकारी

काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले शेयर, घरजग्गा र सवारीसाधन धितो कर्जाको जोखिम भार कति संशोधन गर्ने भन्नेमा राष्ट्र बैंक स्पष्ट रहेको बताउनुभएको छ।

आइतबार चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिबारे आयोजित पत्रकार सम्मेलनमा बोल्नुहुँदै गभर्नर अधिकारीले यस्ता प्रकृतिका धितो कर्जाको जोखिम भारसम्बन्धी विद्यमान थ्रेसहोल्ड संशोधन गरिने बताउनुभएको हो। चालु आर्थिक वर्षको मौद्रिक नीतिमा 'शेयर धितो कर्जा, घरजग्गा कर्जा तथा सवारीसाधन कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ', भनी उल्लेख गरिएको छ।

"दुई वर्षअघि लागू गरिएको शेयर धितो कर्जाको जोखिम २५ लाखभन्दा सानो कर्जामा एक सय प्रतिशत जोखिम भार लागू हुने र त्योभन्दा बढीको हकमा एक सय ५० प्रतिशत लागू हुने व्यवस्था गरिएको थियो। त्यो २५ लाखको थ्रेसहोल्डलाई रु ५० लाखसम्म बनाउन सकिने गरी राष्ट्र बैंकले नयाँ व्यवस्था गर्न लागेको हो", गभर्नर महाप्रसाद अधिकारीले भन्नुभयो, "घरजग्गा व्यवस्थापनमा जुन संस्थाहरू सरकारको नियमअनुसार इजाजत लिएर काम गरिरहेका छन्, त्यस्तो आवासीय घर निर्माणका लागि प्रदान गरिने कर्जामा एक सय ५० प्रतिशतलाई एक सय प्रतिशत बनाउन लागिएको छ।"

सबै खालका घरजग्गा कर्जामा भने यो व्यवस्था लागू नहुने गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो। त्यस्तै, सानो आकारको सवारी कर्जाको जोखिम कम गर्न खोजिएको पनि उहाँको भनाइ छ। विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्नेबारे राष्ट्र बैंकको बोर्डमा छलफल भइसकेको र यो विषयसँग सम्बन्धित परिपत्र चाँडै जारी गरिने गभर्नर अधिकारीले बताउनुभयो।

उत्पादनसँग जोड्ने गरी उद्यमशीलता र साना तथा मझौला खालका कर्जा विस्तारलाई मौद्रिक नीतिले प्राथमिकतामा राखेको गभर्नर अधिकारीको भनाइ छ।

"उद्यमशीलता कर्जा स-साना व्यवसायले पनि पाउनुपर्छ भन्ने हो। व्यापारभन्दा पनि उत्पादनसँग जोडिएका साना र मझौला उद्योगलाई प्रसय दिने नीति राष्ट्र बैंकले लिन्छ", उहाँले भन्नुभयो।

सहुलियतपूर्ण कर्जा पहुँचवाला व्यक्तिले मात्रै उपयोग गरेको र सर्वसाधारण नागरिकले यो सुविधा पाउन नसकेको गुनासो आउने गरे पनि त्यसको स्वतन्त्र पुष्टि भए कारबाहीको प्रक्रिया थालिने उहाँको भनाइ छ।

त्यस्तै, गत वर्ष कात्तिकदेखि लागू भएको चालु पूँजीकर्जा मार्गदर्शन तीन महिनाभित्र संशोधन गरिने पनि राष्ट्र बैंकले जनाएको छ। निजी क्षेत्रलाई व्यवसाय गर्ने वातावरण तयार पार्नका लागि आवश्यक मार्गदर्शनमा आवश्यक संशोधन गर्न सकिने गभर्नर अधिकारीको भनाइ छ।

"गत कात्तिकमा लागूभएपछि पनि एक पटक संशोधन भइसकेको यो मार्गदर्शन बैंक-वित्तीय संस्थाको छलफलपछि थप आवश्यक संशोधन गर्न सकिन्छ। सधैँ यही हो भन्ने हुँदैन", उहाँले भन्नुभयो, "मार्गदर्शनको मूल सिद्धान्त र मूलभाव नै हट्ने गरी संशोधन गर्न खोजिएको होइन। व्यवसाय गर्नका लागि केही अप्ठ्यारो परेको छ भने त्यसलाई सम्बोधन गर्न सकिन्छ।" रासस

# मधेशी दलित महिला न्यायको पहुँचभन्दा बाहिर छ : अध्यक्ष महिला आयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले जिल्लाले मधेशी दलित महिला न्यायको पहुँचभन्दा बाहिर रहेको बताएकी छिन्।

'दलित अधिकार : सबैको सरोकार' विषयमा केन्द्रित रही विभिन्न विषयमा आयोजना भइरहेको कार्यक्रमअन्तर्गत 'दलित अधिकार कार्यान्वयनको अवस्था र संवैधानिक आयोगहरूको भूमिका' विषयक सत्रमा अध्यक्ष पराजुलीले राष्ट्रिय महिला आयोगमा गत आर्थिक वर्षमा ९०२ वटा उजुरी परेकामध्ये करिब १ सय दलितको भएको तर त्यसमा एकजना पनि मधेशी दलितको नभएको पनि उल्लेख गरिन्। 'यसको मतलव मधेशी दलित महिला शिक्षा, सूचना र जानकारीमा पछाडि छन्', उनले थपिन्- त्यसैले मधेशी दलित महिला न्यायको पहुँचबाट टाढा छन्।

अध्यक्ष पराजुलीले जिल्लाबाट आएका जानकारीअनुसार हिंसाका उजुरीमध्ये ९० प्रतिशत दलित महिलाका भएका र उनीहरूले बलात्कार, कुटपिट, दाइजो जस्ता कारण आफूमाथि हिंसा भएको उल्लेख गरेका बताएकी छिन्। पराजुलीले जो कमजोर छ हिंसा उहीमाथि हुने भन्दै यसरी दलित महिलामाथि बढी हिंसा हुनुको अर्थ उनीहरू सबै भन्दा बढी कमजोर रहेको प्रमाण हो भनिन्। आयोग अध्यक्ष पराजुलीको भनाइ थियो- जातीय विभेद अन्त्यसम्बन्धी कार्यक्रम गर्दा जातीय विभेद गर्नेलाई पनि निम्त्याउनुपर्छ। सजग र सतर्क गराउनुपर्छ अनि मात्र जातीय विभेद अन्त्यमा सघाउ पुग्छ।

थपिन्–स्थानीय सरकारले आफ्नो गाउँ/ठाउँमा हुने छुवाछूत, विभेद जस्ता विकृति अन्त्यका लागि अनुगमन गर्न प्रभावकारी संयन्त्र बनाउनुपर्छ। त्यसपछि राष्ट्रिय महिला आयोगसँग समन्वय र




सहकार्य गर्नुपर्छ। राष्ट्रिय महिला आयोगमा गत आर्थिक वर्षमा ९०२ वटा उजुरी परेकामध्ये करिब १ सय दलितको भएको तर त्यसमा एकजना पनि मधेशी दलितको नभएको पनि उल्लेख गरिन्। 'यसको मतलव मधेशी दलित महिला शिक्षा, सूचना र जानकारीमा पछाडि छन्', उनले थपिन्- त्यसैले मधेशी दलित महिला न्यायको पहुँचबाट टाढा छन्।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले हामी प्रतिकूल अवस्थामा छौँ तर यसको मतलव केही पनि छैन, केही पनि भएकै छैन भन्नचाहिँ नमिल्ने बताए। संवैधानिक आयोगहरूको तेजोबज गरेर कसैको भलो हुन्न भन्दै उनले भइरहेका निकायहरूलाई आरोपित गरेर उनीहरूको मनोबल गिराइयो भने हाल प्राप्त केही उपलब्धि पनि गुम्ने खतरा उत्पन्न हुन सक्छ, त्यसैले यस्ता कुरामा बोल्दा विचार गर्नुपर्छ भने।

त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहीर ठाकुरले हामी जस्ता पदमा बस्नेलाई प्रश्न सोध्ने अधिकार सर्वसाधारणलाई छ भन्दै आफूहरूले दलितका लागि छुट्याइएको बजेटबारे जानकारी खोजेका थियौँ तर यस्तो विषयमा दलित सरोकार मञ्चले अध्ययन गरिसकेको रहेछ भन्दै खुसी व्यक्त गरे। उनको भनाइ थियो- जातीय छुवाछूत गर्नेमध्ये एकाधलाई मात्र कारबाही गर्ने हो भने पनि यो समस्या धेरै हदसम्म कम हुन्छ। आयोगमा पनि घटना सामसुम पारिदिन भनेर आग्रह आउने गर्छ तर हामी मान्दैनौँ- उनको भनाइ थियो।

कार्यक्रममा आयोजक संस्था दलित सरोकार मञ्च, नेपालका अध्यक्ष भोला पासवानले यस्ता कार्यक्रम आगामी दिनमा संवैधानिक आयोगहरूले गरुन् र हाम्रो जस्तो संस्थालाई निम्त्याउन् भन्ने चाहना राखेको उल्लेख गरे। उनले मिलेर नलडेसम्म दलित समुदायले अधिकार पाउन कठिन भएको पनि उल्लेख गरे।

त्यस अवसरमा 'मधेश प्रदेशको योजना, नीति र बजेटमा दलित' विषयक छलफलमा दलित मुक्ति सङ्गठनकी प्रदेश उपसचिव ममता विश्वकर्माले हामी दलितको हात थाप्ने बानी परेको छ भन्दैजति पनि काम भएका छन् ती स्वतःस्फूर्त भएका नभई हामीले लडेकै कारण सम्भव भएको बताएकी थिइन्। यसैगरी उपराष्ट्रपतिका वातावरणविज्ञचन्देश्वर सदालेपालिकाको बजेट हाम्रै करबाट उठेको पैसा हो भन्ने बुझ्नुपर्‍यो र त्यसैअनुसार आवाज उठाउनुपर्‍यो भन्दै त्यसैले यो हाम्रो हितका लागि खर्च गर्न पाउनु हाम्रो नैसर्गिक अधिकार नै हो भने। मधेश नीति आयोगका उपाध्यक्षनाथुप्रसाद चौधरीलेजति दलित छन् यो प्रदेशमा त्यसअनुसार व्यवहार नभएको वास्तविकता हो भन्दैतर पनि मधेश प्रदेशको नीति तथा कार्यक्रम र अन्य विषयमा पनि दलित समुदायलाई समेट्ने प्रयासचाहिँ भएको उल्लेख गरे।

दलित अधिकारकर्मी चन्देश्वर पासमानले कार्यपालिका सदस्य निकै शक्तिशाली व्यक्ति भएकाले उच्च मनोबलका साथ अघि बढ्न आग्रह गरे। उनको भनाइ थियो-दलितमैत्री बजेट निर्माणका लागि तपाईँहरूको भूमिका एकदम महत्वपूर्ण छ। दलितलाई त्यहाँ पठाएको गोजी भर्न हैन, दलित समुदायको हकहितका लागि हो।

कार्यक्रममा पत्रकार रघुनाथ लामिछानेले मधेश प्रदेशका पालिकाहरूको योजना, नीति र बजेटमा दलित, इन्सेकका मधेश प्रदेश संयोजक राजु पासवानले मधेशका दलितको मानव अधिकार अवस्था तथा हिरा विश्वकर्मा र भोला पासवानले मधेशका दलित र सीमान्तकृत समुदायका लागि योजना र बजेटमा पहुँच विषयमा कार्यपत्रहरू पेस गरेका थिए।

साउन ६ गते सुरु भएको यो कार्यक्रम साउन ८ गतेसम्म सञ्चालन हुने जानकारी आयोजक संस्था दलित सरोकार मञ्चका अध्यक्ष भोला पासवानले दिए। कार्यक्रम जनकपुर स्थित मसला कटेजमा सञ्चालन भइरहेको छ।

# 'रोपाइँ गर्न ढिलाइ भइसक्यो, खेतमा पर्याप्त पानी छैन'

पोर्ताहा (धनुषा) । कमला नदीमा पानीको सतह कमहुँदा सिरहा र धनुषाका किसानलाई सिँचाइ गर्न समस्या भएको छ।

कमला नदीमा पानीको सतह घट्दा कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले निर्माण गरेको कमला सिँचाइ नहर प्रणालीमा पर्याप्त पानी पुग्न सकेको छैन। "धान रोपाइँ गर्न ढिलाइ भइसक्यो, तर खेतमा पर्याप्त पानी पुग्न सकेको छैन", धनुषाका किसान अमोद यादव भन्नुहुन्छ, "वर्षा कम भए पनि अघिल्लो वर्ष हामीले कमला नदी प्रणालीबाटै सिँचाइ गरेर धान रोपाइँ गर्‍यौँ।" तर अहिले कमला नदीमा पानीको सतह घटेर खेतसम्म पानी पर्याप्त पुग्नै सकेको छैन, यसका कारण खेती गर्न ठूलो समस्या भएको उहाँको भनाइ छ।

"पहिला-पहिला असार, साउन र भदौ महिनामा कमला नदीमा ठूलो बाढी नै आउथ्यो", सिरहाको औरहीका किसान राघव साह भन्नुहुन्छ, "हामी कमला सिँचाइको नहरबाटै सिँचाइ गरेर धान रोपाइँ गर्दथ्यौँ, तर पछिल्लो केही वर्षदेखि कमला नदीमा पानीको बहाव घट्दै गएको छ, नहरमा पनि चाहिएको जति पानी आउँदैन।" पानीकै आभावमा अघिल्लो वर्ष पनि हामीले खडेरीको मार खेप्यौँ, यसपालि त झन् ठूलो समस्या खेप्नुपर्ने देखिन्छ", उहाँको दुःखेसो थियो।



धानखेतीका बेला पानीको अत्यधिक माग भए पनि कमला नदीमा पानीको बहाव घटेर नहरमा पानी कम आउन थालेपछि किसान चिन्तामा डुबेका छन्। "एकातिर लामो समयदेखि वर्षा भएको छैन, अर्कातिर नहरमा चाहे जति पानी आएको छैन", राष्ट्रिय सिँचाइ जलउपभोक्ता महासङ्घका अध्यक्षसमेत रहनुभएका धनुषाका किसान गजाधर यादव भन्नुहुन्छ, "यस्तो अवस्थामा किसानले कसरी सिँचाइ गर्छ र धान रोपाइँ गर्छ ? यो ठूलो प्रश्न र चिन्ताको विषय बनेको छ।" विश्वव्यापीरूपमा देखिएको जलवायु परिवर्तनको प्रभावका कारण इतिहासमै पहिलोपटक यस वर्ष कम वर्षा भएर नदीमा पानीको बहाव कम हुँदै गएको उहाँको कथन छ। "कमला नदीमा पानीको बहाव कम हुनु किसानका लागि असाध्यै चिन्ताको कुरा हो", उहाँ भन्नुहुन्छ, "सिँचाइका लागि कमला नदीमा पर्याप्त पानी आवश्यक छ, वर्षैभरि कमला नदीमा पानी ल्याउन तत्काल सुनकोशी-कमला डाइभर्सनको काम तत्काल अघि बढाउनुबाहेकको विकल्प छैन।" सुनकोशीबाट कमला नदीमा पानी झार्न सकिए वर्षभरि कमला नदीमा पानी आउँछ, यसबाट सिरहा, धनुषा र सप्तरीमा सिँचाइ सुविधा पुग्ने उहाँको दाबी छ।

अहिले कमला नदीमा पानीको सतह कम भएर सिँचाइ नहरमा पानी पर्याप्त नआउँदा कतिपय ठाउँमा किसानबीच कुटाकुटसमेत हुने गरेको छ। कमला सिँचाइ नहर प्रणालीमा कम पानी आउँदा किसानबीच पहिला म खेतमा पानी हाल्छु त पहिला म हाल्छु भन्दै झडप र कुटपिटसमेत हुन थालेपछि कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले आलोपालो विधिबाट किसानको खेतमा पानी पठाउन थालेको छ।

"पानीका विषयमा कतिपय ठाउँमा किसानबीच विवाद हुने र कुटपिटसमेत हुने गरेको पाइएकाले अहिले आलोपालो गरेर पानी पठाउन थालेका छौँ", कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले भन्नुभयो, "अहिले पानीको माग धेरै छ, तर नहरमा कम पानी आइरहेको छ, यस्तो अवस्थामा आलोपालोबाट पानी नपठाउनेबाहेक हामीसँग कुनै विकल्प छैन, अहिले आलोपालो गर्दा पुछारका किसानले पनि पानी पाइरहेका छन्, नत्र पहिला मुहानका किसानले मात्र पानी पाउने र पुछारका किसानले पानी नै नपाउने अवस्था थियो", उहाँले भन्नुभयो।

"साधारणतया कमला नदीमा पानीको स्तर बढ्दा किसानलाई सिँचाइ गर्न सहज हुन्छ तर अहिले नदीमा पानी नै छैन", प्रमुख यादव भन्नुहुन्छ, "पूर्वी र पश्चिम नहर प्रणालीका कारण दुवै जिल्लातर्फ सिँचाइको पहुँच पुगेको त छ, तर वर्षा नै नभएपछि नदीमा पानी छैन, जसले गर्दा किसानलाई सिँचाइ गर्न समस्या भएको हो।"

नहरमा पानी कम आउँदा पनि अचेल रातदिन खटेर किसानको खेतमा पानी पुर्‍याइरहेको प्रमुख यादव बताउनुहुन्छ। निर्माण गरिएको कमला सिँचाइ पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करिब २५ हजार हेक्टर क्षेत्रमा सिँचाइ हुँदै आएको छ। विगतका वर्षमा वर्षा नहुँदा धनुषा, सिरहा, महोत्तरी र सप्तरीका अधिकांश खेतीयोग्य जग्गा बाँझो रहने समस्यालाई दृष्टिगत गरी कमला नदीबाट सिँचाइ गर्न विभिन्न पूर्वाधार निर्माण गरिएको प्रमुख यादवको भनाइ छ। रासस

# कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माणमा ढिलाइ

काठमाण्डु । कालीगण्डकी र आसपासका क्षेत्रमा निर्माण भएका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाबाट उत्पादित बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने प्रसारण लाइन निर्माणमा ढिलाइ भएको छ।

नेपाल विद्युत् प्राधिकरणले कालीगण्डकी करिडोरको दुई सय २० केभी प्रसारण लाइन निर्माण तत्काल गर्न आयोजना व्यवस्थापन पक्ष र निर्माण व्यवसायीलाई ताकेता गरेको छ। सो आयोजनाको निर्माण गत असारमा गर्ने लक्ष्य थियो।

रुख कटान अनुमति प्रक्रियामा भएको ढिलाइ, स्थानीयवासीको अवरोध र निर्माण व्यवसायी भारतीय कम्पनी एल एण्ड टीको कमजोर कार्यसम्पादनका कारण आयोजना निर्माणमा ढिलाई भएको प्राधिकरणले जनाएको छ।

उक्त आयोजना निर्माणमा ढिलाइ भएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार निर्माणस्थल अनुगमन गरी आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग निर्माणमा देखिएका समस्या र समाधानका उपायबारे छलफल गर्नुभएको थियो। छलफलअनुसार प्रसारण लाइनको निर्माण यही साउनभित्रमा गर्ने नयाँ तालिका तय गरिएको छ।

छलफलमा कार्यकारी निर्देशक घिसिङले जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रवाहका लागि कालीगण्डकी करिडोर प्रसारण लाइन अत्यन्तै महत्वपूर्ण र संवेदशील रहेकाले जुनसुकै अवस्थामा पनि साउनभित्र सम्पन्न गर्न निर्देशन दिनुभयो। रासस


## मार्कसिट हरायो

मेरो निम्न ब्यहोरा भएको अनमीको मार्कसिट मिति २०८०/०३/०९ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : काजल कुमारी यादव**
**सिम्बोल नं.:** १९३८६
**रजिष्ट्रेशन नं.:** AN–१८०९१–७५
**ठेगाना:**जि.ध. जि.ध.गोविन्दपुर–४
**मो.नं.** ९८२८६०४०८५


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : धन बृद्धि सञ्चय। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : वाद विवादबाट बच्नु। |
| बृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मिलापत्रको प्रक्रियामा वृद्धि



**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा मिटरब्याजी समस्या समाधानका लागि जिल्ला प्रशासन कार्यालयले उपसमिति गठन गरेर प्रक्रिया थालेपछि मिलापत्र प्रक्रियामा आउनेको संख्या बढेको छ।

मिटरब्याज पीडितको तर्फबाट अनलाइनमासमेत दर्ता भएको सप्तरीमा एक हजार सात सय ७९ उजुरी परेको प्रशासनले जनाएको छ।

हालसम्म २२ मुद्दामा मिलापत्र, ३६ मा सहमति र दुईसय उजुरीमाथि छलफल थालेको प्रशासन प्रतिनिधिहरूको कथन छ। दैनिक दुईदेखि चार वटासम्मको उजुरी छिनोफानो हुँदैआएको सो कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय अन्तर्गत गठित उपसमितिको सहजीकरणमा दैनिकजसो आधा दर्जनजति उजुरीमाथि छलफल गरी मिलापत्र गराउँदैआएको उपसमितिका संयोजक सञ्जय रामले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय अन्तर्गत मिटरब्याजी समस्या समाधानका लागि प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको संयोजकत्वमा समिति गठन गरिएको छ।

कार्य सहजताका लागि उक्त समिति मातहत नै छलफल गराउन कर्मचारी सञ्जय रामको संयोजकत्वमा उपसमिति गठन गरी दैनिक रूपमा छलफल अघि बढाइएको प्रमुख जिल्ला अधिकारी थापाले बताए।

# ऐन संशोधनको माग

**रञ्जन यादव**

कलैया । बाराको जीतपुरसिमरा उपमहानगरपालीकाको आर्थिक ऐन २०८० को संशोधनको माग राखेको छ।

संघका अध्यक्ष मोहन शर्मा लामिछानेको नेतृत्वमा पुगेको टोलीले नगर प्रमुख राजन पौडेललाई ज्ञापनपत्र बुझाउँदै आर्थिक ऐन परिमार्जन गर्न तथा उद्योगी र व्यापारीको भावना बुझिदिन आग्रह गरेको छ।

व्यवसायी र उद्योगीलाई दोहोरो करको मारमा पार्ने गरी आर्थिक ऐन निर्माण गरेको भन्दै विरोध गरेका छन्।

नगरका उद्योग तथा व्यवसायीहरुको छाता संगठन जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघले उपमहानगरलाई ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्र हस्तान्तरण गर्दै अध्यक्ष शर्माले उपमहानगरपालीकासंग हरेक



क्षेत्रमा सहकार्य गर्न तयार रहेको भन्दै यहाँका व्यवसायी र उद्योगीहरुको समस्यामाथि गम्भीर बनाइदिन आग्रह गरेका छन्।

स्थानीय व्यवसायीहरु, समाजसेवी, वडा कार्यालय लगायत संघको सुझाव र समन्वयमा जीतपुरमा रहेको गुदरी बजार एवमः मिना बजारको सटर भाडा लगायत अन्य व्यवस्थापनको समस्या समाधानतर्फ उन्मुख रहेको प्रति उपमहानगरलाई धन्यवाद दिए।

परिणाम स्वरुप उपमहानगरको करोडौं वक्यौता रकम संकलनको क्रममा रहेको हुनाले सो क्षेत्रका व्यवसायीहरु प्रति पनि संघले ज्ञापनपत्र मार्फत कृतज्ञता व्यक्त गरेको छ।

दर्जनौं उद्योगी र व्यापारीहरुको रोहवरमा ज्ञापनपत्र बुझाएपछि नगर प्रमुख राजन पौडेलले सो विषयमा आफू गम्भीर रहेको बताए।

# यादव नेकपा एसमा प्रवेश



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिकाको नेकपा एमालेका नगर कमिटी अध्यक्ष सिंहेश्वर यादवले पार्टी परित्याग गरी नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन्। आइतबार नगर कमिटीका अध्यक्ष यादवलाई एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले स्वागत गरेका छन्।

पार्टी अध्यक्ष नेपालले यादवलाई गमछा औढाइ र टिका लगाइ पार्टी प्रवेश गराएका थिए।

# कृषि सामग्री वितरण



**टुडे समाचारदाता**

गरुडा । रौतहटको देवाहीगोनाही नगरपालिका -७ का किसानलाई कृषि सामग्री तथा उपकरण वितरण गरिएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सो वडाका तरकारी उत्पादक कृषक समूहलाई अनुदानमा कृषि सामग्री तथा उपकरण वितरण गरिएको छ।

तरकारी उत्पादनका साना व्यवसायीको कृषि आम्दानीमा वृद्धि गर्ने उद्देश्यले कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तर्गत समूहमा आवद्ध कृषकलाई कृषि सामग्री वितरण गरिएको नगर प्रमुख प्रेमलाल साहले बताए।

उनका अनुसार नगरपालिका र रामसखी कृषक समूह देवाही गोनाही -७ को आयोजनामा पानी तान्ने मोटर, 'स्प्रे टङ्की' र विरुवाको खाद्यतत्व 'जाइम' वितरण गरिएको छ।

नगर प्रमुख साह र उपप्रमुख परनियादेवीले आइतबार एक कार्यक्रमबीच ७५ प्रतिशत अनुदानमा पानी तान्ने मोटर ५० थान, ५० प्रतिशत अनुदानमा स्प्रे-टङ्की एकसय थान र ८० प्रतिशत अनुदानमा जाइम पाँच क्विन्टल वितरण गरे।

कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तर्गत १२ लाख रुपैयाँ बजेटबाट सो सामग्री वितरण गरिएको रामसखी कृषक समूहका अध्यक्ष रामएकवाल सिंहले जानकारी दिए।

# प्रहरीद्वारा हत्याराको खोजी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमा क्षेत्रमा शनिबार राति धनुषाको मुखियापट्टि मुसहरनिया गाउँपालिका २ स्थित दशगजामा गोली हानी हत्या गरेको महिलाबारे नेपाल प्रहरी र भारतीय सुरक्षाकर्मीद्वारा अनुसन्धान सुरु गरेको छ।

महिलाको शव पोस्टमार्टमका लागि भारतीय प्रहरीले लगेको धनुषाका डिएसपी वेदप्रसाद गौतमले जानकारी दिएका छन्।

महिलालाई शनिबाराति ८:२० बजे सात राउन्ड गोली प्रहार गरी हत्याराहरु भारततर्फ नै भागेको स्थानीय प्रत्यक्षदर्शीहरुले प्रहरीलाई जानकारी गराएका थिए।

ती महिला भारतीय रहेको धनुषा प्रहरीले जनाएको छ। डिएसपी गौतमका अनुसार हत्याराको खोजी नेपालतर्फ पनि सुरु गरिएको छ।

# पुष्पलाल स्मृति दिवस

**टुडे समाचारदाता**

मलंगवा । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४५ औं स्मृति दिवस आइतबार सर्लाहीमा पनि मनाइएको छ।

दिवसका अवसरमा नेकपा एमाले र एकीकृत समाजवादी पार्टीले बेग्लाबेग्लै कार्यक्रमको आयोजना गरेको थियो।

सोहीक्रममा नेकपा एमाले जिल्ला कमिटी सर्लाहीले हरिवनस्थित कैलाशपुरीमा रहेको मानव सेवाश्रममा भोजन गराई बनवाटिकामा निर्माण गरिएको पुष्पलालको शालिकमा पुष्पगुच्छा अर्पण गरेको छ।

पार्टीका जिल्ला अध्यक्ष राजनारायण साहको अध्यक्षता तथा



केन्द्रीय सदस्य कमलादेवी महतोको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा पार्टीको प्रदेश उपाध्यक्ष रेवती पन्त, हरिवनका पूर्व मेयर गणेश प्रसाई, लालबन्दीका पूर्व मेयर मानबहादुर खड्का, नेताहरु राजकुमार उप्रेती, सुदर्शन थपलिया, प्रभुनारायण शिवकोटी (श्याम) तारा पोखरेल, प्रकाश थापा, विदुर प्याकुरेललगायतको उपस्थिति रहेको थियो।

यस्तै, एकीकृत समाजवादी पार्टी निकट पुष्पलाल स्मृति प्रतिष्ठान सर्लाहीले लालबन्दी नगरपालिकाको परवानिपुरस्थित बोहोरेडाँडामा रहेको पुष्पलालको शालिकमा माल्यार्पण तथा सरसफाइ कार्यक्रम गरेको छ।

बोहोरेडाँडामा स्मृति सभा आयोजना गरी शालिक निर्माण भएको क्षेत्रमा सरसफाई गरिएको पुष्पलाल स्मृति प्रतिष्ठान सर्लाहीका सचिव भरतकुमार कार्कीले जानकारी दिए।

प्रतिष्ठानका अध्यक्ष उद्धव पाठकको अध्यक्षता तथा पार्टीका स्थायी कमिटी सदस्य लक्ष्मण पौडेलको आतिथ्यतामा आयोजित कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष सुरेन्द्र लामा, मधेश प्रदेश सभा सदस्य बेची लुंगेली, निवर्तमान प्रदेश सभा सदस्य डिल्ली उप्रेतीलगायतको उपस्थिति रहेको थियो।

# वातावरण मैत्री अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका सांसद रामअशिष यादवको पहलमा गरिएको वातावरण मैत्री विद्यालय अभियान निरन्तर जारी रहेको छ।

सो अभियान अन्तर्गत सांसद यादवको विशेष उपस्थितिमा जनकपुरधामको तेतरिया स्थित आधारभूत विद्यालय परिसरमा आइतबार वृक्षरोपण गरिएको छ।

विद्यालयका प्रधानाध्यापक रामसुन्दर कामतिको संयोजनमा भएको कार्यक्रममा समाजसेवी



पंकज रुद्राक्ष मैन,ई.सत्यदेव यादव ,किशोरी यादवको सहभागिता रहेको थियो।

स्वच्छ वातावरणमा पठनपाठन गराउने उद्देश्यले जिल्लाको सम्पूर्ण विद्यालयहरुमा वातावरण मैत्री विद्यालय अभियान अन्तर्गत विद्यालयमा वृक्षरोपण जारी रहेको सांसद यादवले बताए।

# टिभिएसको एओजी राइड सम्पन्न



**टुडे समाचारदाता**

काठमाण्डु। टिभिएसको मातहतमा रहेको अपाचे अनर्स ग्रुप एओजीले आफ्नो नयाँ राइड सम्पन्न गरेको छ।

४० राइडरहरूको सहभागिता रहेको उक्त राइडमा एओजी टिमले महेन्द्रनगर हुँदै बेटकोट नगरपालिका वडा नं ७ मा रहेको बैजनाथ धाम जेष्ठ नागरिक सेवा केन्द्र भएर खर्क रिसोर्टसम्मको यात्रा गरेको थियो।

युवाहरूको बाइकिङप्रतिको प्रेमलाई एकै छानोमुनि ल्याउनका साथै राइडरहरूबीचको भाइचारा बढाउन एओजी विगत एक वर्षदेखि लागिपरेको छ। राइडसँगै सामाजिक कार्यहरूमा पनि सहयोग पुऱ्याउँदै आएको एओजीले यसपटक भने बैजनाथ धाम जेष्ठ नागरिक सेवा केन्द्र आश्रय लिएका १९ जना आमाबुवासँग भेटघाट गरी खाद्यान्न तथा टिसर्ट वितरण पनि गरेको हो।

पछिल्लो चार महिनामा एओजीले यस्ता ५४ वटा राइडहरू सम्पन्न गरिसकेको छ। जसले गर्दा एओजीमा आबद्ध हुन थप राइडरहरू आकर्षित भइरहेका छन्।

जगदम्बा मोटर्स प्रालि नेपालमा टिभिएसका दुईपांग्रे सवारीसाधनको एक मात्र आधिकारिक वितरक हो। देशभर १४० भन्दा बढी डिलरहरूको बलियो सञ्जालका कारण टिभिएसले बजारमा आफ्नो मजबुत पकड बनाउन र ग्राहकहरूलाई सन्तुष्ट बनाउन सफल भएको छ।

# सिद्धार्थ बैंक लगातार दोस्रो पटक सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंक लिमिटेड बैकिङ्ग क्षेत्रको 'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२' अवार्डबाट सम्मानित भएको छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था(ICAN)ले आर्थिक वर्ष ०२१/२२ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा बैंकिङ्ग क्षेत्रको उत्कृष्ट वित्तीय प्रतिवेदन - गोल्ड अवार्ड बैंकलाई प्रदान गरेको छ।

सिद्धार्थ बैंक गत वर्ष पनि'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२१' अवार्डबाट सम्मानित भएको थियो।

उक्त अवार्ड शुक्रबार, काठमाण्डुमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा.प्रकाशशरण महतले सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कडेललाई हस्तान्तरण गरेका थिए।

यस अवार्डले बैंकलाई आगामी दिनहरुमा अझ बढी परिस्कृत वित्तीय विवरण प्रकाशित गर्न हौसला मिलेको छ।

बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदनले क्यगतज Asian Federation या Accountants (SAFA)द्वारा दक्षिण एसियाली स्तरमा आयोजना हुने'उत्कृष्ट




वार्षिक प्रतिवेदन' अवार्डका लागि समेत प्रतिस्पर्धा गर्नेछ।

सबैक्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशभर १९६ वटा शाखा (५ एक्स्टेन्सन् काउन्टर सहित), १२३ शाखारहित बैंकिङ्ग सेवा र २२० एटिएम मार्फत उच्च स्तरीय एवं प्रविधि मैत्री बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।

साथै,बैंकले आफ्नो सेवा सञ्चालनमा डिजिटल माध्यमलाई अधिकतम महत्व दिँदै सुरक्षित तरिकाले अनलाइनबाटै बचत, मुद्दती र डिम्याट खाता खोल्न, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता विभिन्न बैंकिङ्ग सुविधाहरु सरल एवं ग्राहक मैत्री ढङ्गले प्रवाह गर्दै आएको छ।

'सम्बन्ध सधैभरीलाई'भन्ने नारा अवलम्बन गर्दै बैंकले 'सिद्धार्थ केयर'मार्फत विभिन्न सेवा प्रदान गर्ने तथा गुनासोलाई सम्बोधन गर्ने कार्य गर्दै आएको छ।


**रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !**

जनकपुर अञ्चल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

**CTEVT द्वारा मान्यता प्राप्त**

२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

**DIPLOMA PROGRAMME**

समान्य चिकित्सा (H.A)- ३ बर्षे
आयुर्वेद समान्य चिकित्सा (A.H.A) -३ बर्षे
ल्याब टेक्निसियन (C.M.L.T) -३ बर्षे

**PRE-DIPLOMA PROGRAMME**

बिद्युत सब-ओभरसियर (E.S.O.) -१८ महिने
सिभिल सब-ओभरसियर (C.S.O) -१८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) -१८ महिने


कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम २ GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस्।

**फारम भर्ने अन्तिम मितिः- २०८० श्रावण १२ गते सम्म।**
**Diploma को प्रवेश परिक्षा हुने मितिः २०८० श्रावण २४ गते विहान ०८:०० बजे।**
**Pre-Diploma को २०८० श्रावण २४ गते दिउँसो १ बजे।**

**सम्पर्क स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
फोन नं. ०४१-४२१३६२, मो.नं. ९८१२०९१४६४, ९८५४०२०५६४, ९८४४०३८३६७



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रंगशाला बनाउ

जनकपुरधाममा रामजानकी रंगशाला बनाउन एक जना अभियानी दिनेश पूर्वे लामो समयदेखि लागिपरेका छन् । रंगशालाका लागि जग्गा प्राप्तिदेखि त्यसका कानुनी प्रक्रिया मिलाउने र संघीय सरकारबाट बजेट विनियोजन गराउने काम समेत गरेका छन् । उनले हातमा फाइल बोकेर दिनरात गरेको मिहिनेत अब सार्थक हुने भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासका लागि प्रदान गरेका १ सय करोड रुपैयाँ(एक अर्ब)रुपैयाँलाई स्टेडियममा लगाउन भारतीय राजदूतावास सकारात्मक भएको छ । भारतीय राजदूत नवीन श्रीवास्तवसित मुख्यमन्त्री यादवले गरेको छलफलबाट भारतीय सहयोग राशी रंगशालामा लगाउने निष्कर्ष निकालिएको छ । भारत सरकारले रकम उपलब्ध गराए पनि त्यसको खर्च गर्ने ठोस कार्यक्रम नहुँदा रकम अलपत्र परेको थियो । मुख्यमन्त्री यादव र राजदूत श्रीवास्तवबीच भएको सहमति अनुसार प्रदेश सरकारले रंगशालाका लागि विस्तृत योजनाको प्रतिवेदन( डीपीआर ) बनाउने र डीपीआर अनुसारको स्टेडियम बनाउन आवश्यक सम्पूर्ण सहयोग भारतले गर्नेछ । भारत सरकारले मधेशको विभिन्न क्षेत्रमा विकासका लागि सहकार्य गर्न तत्पर रहेको छ । विगतदेखि नै भारत सरकारले शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका क्षेत्रमा योगदान दिदैं आएको छ । भारतीय राजदूत श्रीवास्तवले देखाएको सदाशयताले रंगशालाको निर्माण अब चाँडै अगाडि बढने विश्वास गर्न सकिन्छ । गुठी संस्थानको १७ बिघा जग्गा खेलकुद परिषद्ले लिजमा लिएको छ । त्यसमा बहुउद्देश्य रंगशाला निर्माण हुनेछ । त्यहाँ रंगशाला निर्माण भएसँगै वरिपरिको बस्ती विकास हुनेछ । मुख्यमन्त्री यादवले केही महिना पूर्व रंगशालाको निरीक्षण गरेका थिए । रंगशाला निर्माणका लागि उपयुक्त स्थल रहेको र त्यसका लागि चाहिने आवश्यक बजेटको व्यवस्था गर्ने उनले घोषणा गरेका थिए । रंगशालामा क्रिकेट, फुटबललगायतका कयौं खेलकुदको आयोजना गर्न सकिनेछ । अन्तर्राष्ट्रिय स्तरको रंगशालामा अन्तर्राष्ट्रिय क्रिकेट र फुटबललगायतका प्रतियोगिताको समेत आयोजना गर्न सकिन्छ । आगामी राष्ट्रिय खेलकुदको आयोजना मधेश प्रदेशले गर्ने तयारी भइरहेको छ । निर्माणाधीन रहेको स्टेडियममा नै प्रतियोगिताको आयोजना गरिने बताइएको छ । हुनत अहिले मधेश प्रदेशले आयोजना गर्ने निर्णय राष्ट्रिय खेलकुद परिषद्ले गरिसकेको छैन् । मधेश प्रदेशलाई आयोजनाको अवसर मिले रामजानकी रंगशालामा नै हुनेछ । रंगशाला निर्माणका लागि निरन्तर खटिरहने पूर्वेलाई सरकारले निर्माणका लागि सल्लाहकारमा राख्नुपर्छ । उनले प्रारम्भिक चरणदेखि नै सबै काम गरेकाले अनुभवी छन् । उनको सुझावले विभिन्न निकायहरुसित समन्वय गर्न वातावरण पनि बनाउने छन् । प्रदेश सरकारले रंगशाला बनाउन सके मधेश प्रदेशका लागि ठूलो उपलब्धि हुनेछ । यसले युवाहरुलाई खेलप्रति सक्रियता बढाउन मद्दत मिल्नेछ । त्यसका लीगि मधेश प्रदेश सरकारले डीपीआर लगायतका कामहरु चाँडो सकाएर ठेक्काको प्रक्रियामा जानुपर्छ । प्रदेश सरकारको लगानी बिना नै बन्ने रंगशालाले मधेश प्रदेशलाई खेलकुदको माध्यमबाट देशविदेशहरुमा परिचित गराएर पहिचान स्थापित गराउनेछ ।

# यसकारणा सहकारीमा जोखिम



गोविन्द शर्मा पोखरेल

सहकारीको संस्थागत संरचनाको विकास नहुँदादेखि नै नेपालमा सहकार्य गर्ने चलन बिध्यमान थियो । साथै, छरछिमेकमा सरसापटी लिने र गर्जो टार्ने परिपाटी धैरै पुरानो हो । त्यसैको जगमा आधारित जस्तो देखिने सहकारी संस्थाको गठन र संचालन सर्सर्ती हेर्दा जति राम्रो देखिन्छ, यसको हालको स्थिति उत्तिकै जटिल देखिन्छ ।

सहकारीको रकम हिनामिना गरेर संचालकहरू अथवा ऋणीहरू फरार भएको र बचतकर्ताहरू तथा शेयर सदस्यहरू बिचल्लीमा परेका समाचार दिनिनुदिन बढ्दो मात्रामा पत्र पत्रिका तथा मिडियामा सुन्न र पढ्न पाइन्छ । धैरैजसो यस्ता सहकारीका संचालकहरू अन्य सहकारी संचालकहरूले आर्जन गरेको गैरकानुनी कमाई तथा सोसँग जोडिएका कथाहरूबाट प्रेरित हुन्छन भने कोही नजिकका नातेदार, मान्यजन वा सल्लाहकारहरूबाट यस्तो कार्य गर्न प्रेरित हुन्छन् ।

यसरी सहकारीहरू धरासायी हुनुका पछाडि अनेक कारणहरू हुन सक्छन् । तर प्रमुख कारणमा मानविय कमजोरी (पैसाको लोभ), प्रभावकारी अनुगमनको अभाव (अनुगमनका नाममा कमाइखाने भाँडो बनाएको यथार्थता) र नेपालमा हाल विध्यमान दण्डहीनताको स्थिति नै हुन् ।

### मानवीय कमजोरी वा पैसाको लोभ

मानिसहरू साधारणतया असल नियतका नै हुन्छन् अथवा नियत नै खराव भएर बचतकर्ताहरूलाई डुबाउँछु, बचत भएको सबै पैसा बेरोकटोक आफैं चलाउँछु भन्ने मनसायले अधिकांश सहकारीहरू खुलेका पक्कै पनि होइनन् । त्यसैले, स्थापनाको सुरु सुरुमा बिध्यमान ऐन-कानुनले पनि प्रभावकारी रुपमा नै काम गरेका हुन्छन । तर, समय बित्दै जाँदा संचालकहरू, खास गरेर चेकमा हस्ताक्षर गर्ने संचालकहरू र संस्थाभित्रैबाट अनुगमन गर्ने संयन्त्रका कमजोरी र खास गरेर मानवीय कमजोरीका कारण हुने पैसाको लोभ र समय-समयमा हुने पैसाको आवश्यकताले गर्दा सुरु-सुरुमा संस्थाबाटै आपसी विश्वासका कारण सानो-सानो रकमको बिना धितोमा सरसापटीमा बाट सुरु हिनामिना सुरु हुन्छ ।

यस्तो कार्य संस्थाभित्रको प्रभावकारी अनुगमनको अभावमा (कसले थाहा पाउँछ र?) क्रमिक रुपमा बढोत्तरी हुँदै आपसी मिलोमतोमा ठूलो ठूलो रकमको अपचलन भई अपचलनकर्ताहरूबाट समेत थेग्न नसक्ने अवस्थामा पुगेपछि मात्र अन्य संचालकहरू तथा बचतकर्ताहरूले यसरी भएको अपचलनबारे थाह पाउने अवस्थाको सिर्जना हुन्छ । यसरी आपसी मिलोमतोमा गरिने अपचलनहरूको ढाकछोप गर्ने कार्यमा संस्थाभित्रको लेखा समिति र लेखापरीक्षकको समेत मिलोमतो नहुने हो भने छोटो अन्तरालमा नै पोल खुल्ने र ठूलो अपचलनबाट संस्था जोगिन सक्छ । तर लेखापरीक्षकको समेत मिलोमतो हुँदा यस्तो अपचलनले ठूलो रुप लिन सक्छ ।


संस्थाको रकमको यस्तो अपचलनमा कुनै-कुनै संस्थाका सबै वा बहुसंख्यक संचालकहरू संलग्न हुन्छन् भने अधिकांश सहकारीहरूमा केही खास संचालकहरू मात्र यस्तो कार्यमा मुछिएका हुन्छन् । त्यसैले, प्रभावकारी अनुगमन अन्तर्गत अनुगमन गर्ने संस्थाहरूले अनुगमनका अन्य कार्यका अलावा लेखापरीक्षकहरूको अनुगमन गर्न सके सहकारीहरूको अवस्थामा पक्कै पनि केही सुधार गर्न सकिन्थ्यो जस्तो लाग्छ । अथवा, महालेखापरिक्षक कार्यालयबाट सरकारी कार्यालय सरहको लेखापरीक्षण हुन सकेमा यस्तो बेथितिमा पक्कै कमी आउने थियो ।

यसमा पनि यस्तो अपचलनको जरो भनेको रकमको परिमाण हो, किनभने सानातिना रकममा केही सानोतिनो चित्त भएका व्यक्तिहरूको मात्र आंखा लाग्छ भने ठूलो रकममा ठूलै हस्तीहरूको पनि संलग्नता भएको देखिएको छ । त्यसैले, नियन्त्रणको पहिलो अध्याय सहकारीले कारोबार गर्न पाउने रकमको अधिकतम सीमाबाट सुरु हुनुपर्छ ।

### प्रभावकारी अनुगमनको अभाव

नेपालभरका सहकारी संस्थाहरूमा मौलाएको बेथितिको प्रमुख कारण प्रभावकारी अनुगमनको अभाव नै हो । यहाँ त अनुगमनको नाममा भ्रष्टाचार गर्ने कार्य मात्र भएको देखिन्छ भन्दा अनुगमनमा संलग्न धैरै कम व्यक्तिहरूको मात्र चित्त दुख्ला, अन्य सवैले आफ्नो करतुत मात्र सम्झने छन । काठमाडौंजस्तो देशको मुटुमा त यो बेथिति यसरी मौलाएको छ भने नेपालका दूरदराजको अवस्था हाम्रो अनुमानभन्दा धेरै बाहिर हुन सक्छ ।

काठमाडौँमा सहकारीहरूको अनुगमन गर्ने जिम्मेदारी पाएको का. म. पा. को सहकारी बिभाग छ । कुरा गर्दा हाकिमसाबहरू राम्रै र प्रभावकारी जस्तै कुरा गर्छन तर वास्तविकता कुरा गरे जस्तो नपाइन सक्छ । यस कार्यालयमा काठमाडौंको कुनै सहकारीमा केही पदाधिकारीहरूले संस्थाको हित तथा प्रचलित कानुनविपरीत संस्थाको सबै चल सम्पत्ति अपचलन गरेकोले सो अपचलित रकम उठाउन सहयोग गरी पाउँ भनी बाँकी सबै सञ्चालकहरूले संचालक समितिको निर्णयसहित सहयोगको अपिल गरी पठाएको पत्र । सो पत्रका ताकेताहरू ।



कानुनबमोजिम गरिएको विशेष साधारण सभाको श्रव्यदृष्यसहितको प्रतिवेदन आदि सबैको कारबाहीस्वरुप अपचलनकर्ताहरू तथा निवेदकहरूसँग पटक-पटक आफ्नै कार्यालयमा बैठक राखी विभिन्न निर्णयहरू गराउन सहयोग गरे जस्तो गर्ने । निर्णयको माईन्युटमा आफूहरू हस्ताक्षर नगर्ने तर सहकारीका बचतकर्ता तथा संचालकहरूले देखिने गरी केही कारबाही नगर्ने निवेदकहरूलाई झुलाउने ।

अपचलनकर्ताहरूलाई सहयोग पुग्न सक्ने मौखिक सल्लाह दिने तर कसैलाई केही कारबाही नगरी उक्त फाइललाई एक वर्षपछि मात्र प्रहरीमा पठाउने कार्य उक्त विभागले गरेको प्रभावकारी अनुगमन अन्तर्गत कसै गरे पनि पर्दैन । सो सहकारीका पीडित सदस्यहरू, बचतकर्ताहरू तथा संचालकहरूलाई उक्त विभागले गरेको असहयोगका पछाडि पक्कै पनि केही अदृष्य कार्यहरू भएको सजिलै अनुमान लगाउन सकिए पनि यो आलेखको आशय कसैलाई आक्षेप लगाउने नभई सहकारी संस्थाहरूको प्रभावकारी तथा पारदर्शी संचालन भएकाले यो विषय उठाइएको हो ।

कानुन मान्नेहरूका लागि त बिध्यमान कानुनहरू नै काफी छन तर कानुनबाहिर गएर संस्था अपचलन गर्न सक्ने समूहलाई कानुन मिच्ने स्थितिमा पुग्नुभन्दा अगावै बाटो बिराउन नदिई साधारण कानुनी प्रक्रिया र व्यबहारिक कुरा बाहेक अनुगमनका अन्य पक्षहरूको अवलम्वनबाट जोगाउन केबल खराब नियत भएका कोही कोहीलाई बाहेक अधिकांशलाई सकिने हुन्छ । त्यस्ता २ पक्षहरू निम्न बमोजिम छन् ।

- घरपरिवार र नाजिकका आफन्तहरूबाट गरिने निगरानी,
- संस्थाको संचालकहरूको निवासका छेउछाउमा बस्ने शेयर सदस्य तथा लगानीकर्ता द्वारा गरिने निगरानी ।

### घर परिवार र नाजिकका आफन्तहरू बाट गरिने निगरानी

आफ्नो आफन्त वा नजिकको नातेदारले सम्पत्ती कमाओस र राम्रोसँग जीवन यापन गरोस् भन्ने सवै आफन्तको चाहना हुने भए पनि अधिकांश नातेदारहरू गैरकानुनी आर्जनबाट लाभ लिएको मन पराउदैनन । त्यसैले, धैरै आफन्तहरू धैरै कमाएस् भन्दा पनि जोगिएर काम गरेस् भन्ने सल्लाह दिन्छन् ।

सारै निकृष्ट आफन्तहरू मात्र अनैतिक र गैरकानुनी कमाइमा खुसी हुने र प्रोत्साहित गर्ने गर्छन् । किनभने यस्तो गैरकानुनी कमाई दीगो हुन्न तथा यसबाट परिवारको बेइज्जती का साथै गैरकानुनी सम्पत्ती आर्जनकर्ताको कारावास सजायँसमेत हुन सक्ने भएकाले अधिकांश नातागोता यस्तो कमाई गर्ने व्यक्तिसँग अलिक टाढा बस्न रुचाउँछन् । र यदि त्यस्ता नातागोता सहकारी संस्थाको सदस्य वा बचतकर्ता भए अन्य वचतकर्ताहरू समेत केही सुरक्षित हुन सक्छन् ।

वास्तवमा सहकारी संस्थाहरूको प्रभावकारी तथा पारदर्शी संचालनका लागि उक्त सहकारी संस्थाका सदस्यहरू तथा वचतकर्ताहरूको निरन्तरको सहकार्य तथा निजहरूकै चनाखोपन एकदमै आवश्यक महशुस भएको छ । यस्तो अनुगमनअन्तर्गत सहकारीका संचालकहरूको जीवन शैलीमा भएको परिवर्तन पनि छर छिमेकबाट हुन सक्ने अनुगमनको अर्को पाटो हो र यो सवैभन्दा महत्वपूर्ण कडी हो । यसको लागि सहकारी संस्थाका सदस्य तथा बचतकर्ताले संचालकहरूको रहनसहनको निगरानी होइन अपितु निजहरूको रहनसहनबारे चनाखो मात्र भए यस्तो अपचलन भए पनि सानो तिनु मात्र मा सिमित हुन्छ, यसले बिकराल रुप लिन सक्तैन । सहकारी पनि जोगिन्छ बचतकर्ताको वचत पनि सुरक्षित रहन्छ ।

तर, जो सुकै जतिसुकै चनाखो भए पनि, जती उजुरी गरे पनि यदि अनुगमनकर्ता सरकारी निकाय सक्षम नभए वा अनुगमनकर्ता सरकारी निकायले यस्तो उजुरीमा बेवास्ता गरे वा त्यसैलाई आफ्नो कमाई खाने भाँडो बनाए उजुरीकर्ताको अर्को जाने ठाउं छैन । र हालको अनुगमनको वास्तविक स्थिति एकदमै निराशाजनक भएको पाइएको छ । यसमाथि अनुसन्धानकर्ता प्रहरी तथा यस्तो उजुरीलाई कानुनी रुप दिने सरकारी वकीलसमेत उक्त मिलोमतोमा सहभागी भए केवल निर्दोषले मात्र थप दुःख पाउने अवस्थाको सिर्जना हुन सक्छ । त्यसैले, अनुगमनका लागि यस्ता विभागहरू तथा अन्य अनुगमनकारी संस्थाहरू समेतको अनुगमन गर्ने प्रभावकारी थप निकाय भए मात्र सहकारीहरूको अनुगमन प्रभावकारी हुने कुरा प्रष्ट हुन्छ । तर, यो सम्भव छ त ? नेपालको हालको अवस्थामा यो सम्भव होला जस्तो छैन । तर, अझै पनि के सम्भव छ भनेः

### सहकारीहरूको संख्यामा कडाईः

सहकारी संस्थाहरूको बेथितिको एउटा मूल कारण अनगिन्ती र टोलटोलमा सहकारी संस्थाहरूका स्थापना र संचालन हो । यस्तो व्यवस्थाले गलत काम गर्ने गिरोहहरू संगठित भई संस्थाको रकम अपचलन गर्ने नै उद्देश्यले संस्थाको स्थापना गरी सहकारी संस्थाको मूल उद्देश्य बिपरित सहकार्यको अभावमा संस्था धराशायी हुन सक्तछ र बचतकर्ताहरू लेबचत गरेको रकम नउठने अवस्था सिर्जना हुन सक्छ । तर सीमित संख्यामा सहकारी संस्थाहरू भए त्यस संस्थाका सदस्यहरू पनि अधिक हुने, सदस्यहरूको संस्थामा आवध्द हुने उद्देश्य पनि फरक हुने र निजहरूको अनुगमन क्षमता पनि फरक हुने भएकाले सहकारी संस्थाको संचालन व्यवस्थापनमा निजहरूको सहभागिताले संस्था पनि स्वस्थ्य रहने सम्भावना बलियो हुन्छ । त्यसैले, सहकारी कानुनले कम संख्याका सहकारीमा अत्यधिक सदस्यहरू हुने व्यवस्था गरेमा सदस्यहरू तथा निजहरूले गरेको बचत सुरक्षित हुने सम्भावना हालको अवस्थामा भन्दा ज्यादा हुन्छ ।

### सहकारी बैंक मार्फत अनुगमनको व्यवस्थाः

हालको अवस्थामा नै किन बैंकहरू सहकारीहरूको तुलनामा बढी सुरक्षित छन्? यो प्रश्नको जवाफ दिन त्यति गाहारफ छैन । त्यसैले, सहकारी संस्थाहरूलाई स्वस्थ्य तथा सहकारी संस्थाका बचतकर्ता सदस्यहरूको बचत रकमलाई सुरक्षित राख्न नेपाल राष्ट्र बैंकले गरे जस्तो अनुगमन सहकारी बैंक मार्फत गराउन सके सहकारिहरू सुरक्षित हुने सम्भावना ज्यादा हुन्छ ।

### सीमा तोकिनेः

मह काढ्नेले हात चाट्ने कुरा नेपालमा पुरानो नै हो तर औंलो दिदा डुडुलो निल्ने कुरा अपच हुने कुरा हो । हात चाट्ने भित्र सानोतिनो रकम हिनामिना गर्ने कुरा अटाउन सक्छ तर मूल रकम नै हिनामिना हुने कुरा अटाउदैन । सहकारी संस्थाको कारोबारको अधिकतम सीमा तोकिंदा सानोतिनो रकम हिनामिना गर्ने सानातिना पात्रहरूको संलग्नता लाई पुरै नकार्न नसकिने भए पनि संस्थाको पुरै मूलधन नै अपचलन गर्ने सम्भावना कम हुन्छ । तर, ठूलो रकमको कारोबार हुंदा अपचलन गर्ने संगठित गिरोह नै संलग्न भई हालको जस्तै परिस्थितिको पुनरावृत्ति हुन सक्छ । ठूलो रकमको कारोबार गर्नेले अनुगमनकर्ता, प्रहरी तथा सरकारी वकिलसम्मको मिलोमतोमा सहकारीको रकम अपचलन गर्ने कार्यमा समाबेस गरी गराई संस्था लुट्ने कार्य हुने सम्भावना असीमित पारेको हुन सक्तछ ।

अर्को सिमा सञ्७शधव;चालक समितिको अध्यक्ष तथा अन्य अधिकारप्राप्त निर्वाचित पदाधिकारीको पदावधिको तोकिनु पर्दछ । धराशायी भएका धैरै सहकारीहरूमा अध्यक्षको पद एकैजनाले मात्र प्राप्त गरेको देखिएको छ । अध्यक्षको पदमा विभिन्न समयमा विभिन्न व्यक्तिहरू निर्वाचित भएका सहकारीहरू तुलनात्मक रुपले बढी सुरक्षित देखिएका छन । त्यसैले, अध्यक्षको पदमा कुनै पनि व्यक्ति बढीमा ३ बर्ष भन्दा लामो समयको लागि बस्न नपाउने व्यवस्था कानुनमा भए सहकारीहरू केहि थप सुरक्षित हुने देखिन्छन ।

### अनुगमनकर्तामाथि गर्न सकिने कानुनी कारबाही

धैरै सहकारीहरू धराशायी हुनुको पछाडि फितलो अनुगमनलाई लिन सकिन्छ । तर, सहकारीहरूमा व्याप्त यो समस्यामा कुनै पनि अनुगमनकर्ता माथि औंला उठएको सुन्नमा आएको छैन । के अनुगमनकर्ताको प्रभावकारी अनुगमन हुंदा सहकारीहरूको यस्तो बेहाल हुन सम्भव हुन्छ ? त्यसैले, सहकारीहरूमा बिध्द्यमान वेथितीको पछाडि अनुगमनकर्ताको हात नभए पनि निजहरूको हेलचेक्र्याँई पक्कै हुन्छ । त्यसैले, यस्तो बेथितीका कारक बनेका अनुगमनकर्ताहरूमाथि पनि उचित कानुनमा परिवर्तन गरी कारबाही हुने व्यववस्था हुन जरुरी छ ।

# पहिलेको चरन क्षेत्र बन्दैछ पर्यटकीय गन्तव्य

डम्मर बुढा मगर

समथर मैदानको चारैतिर सल्लाका रुखले घेरिएको हरियाली घाँस र बुट्यानले टाकुराको सुन्दरतामा चमक थपिएको छ । हिउँद र बर्खामा निकै आकर्षक देखिने टाकुरा पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ ।

खासगरी यो याममा धेरैलाई शीतलता प्रदान गर्ने छहारी बनेको छ टाकुरा । बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजारभन्दा केहीमाथि यो टाकुरा पर्छ । टाकुरा उच्च पहाडको शिरमा समथर भू-भागमा फैलिएको छ । तलपट्टी गाउँबस्ती छन्, त्यसभन्दा माथि बस्ती छैन । पर्यटकीयस्थल नरसिंहकोटको सामिप्यतामा रहेको टाकुरा यसकारण पनि पछिल्लो समय एक आकर्षक गन्तव्य बन्दै गएको छ ।

जिल्लाको निसीखोला गाउँपालिका-७ राजकुटमा पर्ने टाकुरामा चैतदेखि नै आन्तरिक पर्यटकको आगामन हुने गर्छ । निसीखोला र बडिगाड गाउँपालिकाको सङ्गमस्थलमा पर्ने यो एक खुला चौर हो । पहिले पशु चौपाया चरन क्षेत्रका रुपमा रहेको टाकुरा अहिले घुमफिर गर्ने उत्कृष्ट गन्तव्यका रुपमा विकास भएको छ । वरपर रुख र बीचमा खाली समथर मैदान छ । यो मैदानले धेरैलाई आकर्षित गर्छ । अझ वर्षातका बेलामा त झन् त्यस वरपरको हरियाली वातावरणले मनै लोभ्याउँछ ।

ऐतिहासिक क्षेत्र नरसिंहकोटसँग जोडिएको टाकुरा पिकनिकका लागि निकै उपयुक्त स्थानका रुपमा मानिन्छ । आन्तरिक पर्यटक यहाँ हरेक मौसममा पुग्ने गरेका छन् । शनिबार तथा बिदाको समयमा व्यापारी र अन्य नागरिक यहाँ घुम्न जाने गरेका छन् ।

नरसिंहकोटदेखि करिब एक किलोमिटर र बडिगाडको भिमगिठे बजारदेखि करिब तीन किलोमिटरको दूरीमा रहेको टाकुरामा बागलुङलगायत गुल्मीदेखि पनि आन्तरिक पर्यटक रमाउन आउने गरेका छन् । तराई-पहाड जोड्ने राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको नजिकै पर्ने यो टाकुरा पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेपछि स्थानीसमेत हर्षित छन् । भीमगिठे, राजकुट र बुर्तिबाङदेखि यहाँ सिधैं पुग्न सकिन्छ । यहाँसम्म पुग्ने मोटरबाटो त निर्माण भएको छैन, तर गोरेटो बाटोमार्फत नै पदैलयात्रा गरेर पर्यटक यहाँ पुग्ने गरेका छन् ।

अझ 'ट्रेकिङ' गर्नेका लागि त झन् यो स्थान अति उपयुक्त मानिन्छ । विगतका वर्षभन्दा पछिल्लो दुई वर्षयता यहाँ घुम्न आउनेको सत्ट्याम वृद्धि भएको स्थानीय तिलबहादुर विकले जानकारी दिनुभयो । अहिले नरसिंहकोट आउने सडक सहज भएको र यहाँ आउने अधिकांश आगन्तुक टाकुरा पुग्ने गरेको उहाँको भनाइ छ । बर्खाको समय पनि मान्छे हरियाली घाँसमा



फोटो, भिडियो खिच्न र रमाइलो गर्न आउने गरेको विक बताउनुहुन्छ ।

नरसिंहकोटदेखि टाकुरालाई सडक सञ्जालले जोड्न सके बढीभन्दा बढी पर्यकट भित्र्याउन सकिने विकको भनाइ छ । उहाँ भन्नुहुन्छ, “पहिले-पहिले यो ठाउँमा गाईभैंसी चराउने गरिन्थ्यो, अहिले त मान्छेको भीड लाग्छ, अझ चाडपर्व र बिदाको दिन हुनुपर्छ, धेरै मान्छे आउने, गीत बजाउने नाच्ने गर्छन्, अहिलेसम्म मोटरबाटो पुगेको छैन, तर मान्छेहरु हिंडेरै जान्छन्, पहिले नरसिंहकोट आउने यहीबाटै फर्किने गर्थे, टाकुराको नामै सुनिदैनथ्यो, अहिले निकै चर्चित बन्यो, जसले पनि टाकुरा जाने भन्छन्, चाडवाडका बेला त तीन/चार सय मान्छे आउँछन् ।”

निसीखोला गाउँपालिकाले ऐतिहासिक नरसिंहकोटसँग टाकुरालाई जोड्न सके पर्यटन विकासमा टेवा पुग्ने थियो । टाकुराबाट देखिने अगिन्ती दृश्यले आगन्तुकलाई लोभ्याउने गरेको छ । यसको विकासका लागि सडकसँगै पर्यटन पूर्वाधार निर्माण गरिने निसीखोला-७ का वडाध्यक्ष दीपक कुवँरले बताउनुभयो । अध्यक्ष कुँवरले एतिहासिक नरसिंकोटमा धेरै भौतिक संरचना निर्माण भएको भन्दै नरसिंहकोट र टाकुरालाई जोडेर पर्यटकीय हबका रुपमा विकास गर्ने बताउनुभयो ।

“पछिल्लो समय नरसिंहकोट र टाकुरामा आन्तरिक पर्यटकको आकर्षण बढेको छ, नरसिंहकोटमा विगतदेखिनै धेरै संरचना बन्दै आए, अब करिब-करिब पूरा हुने चरणमा छ, टाकुरामा अहिले कुनै पनि पूर्वाधार निर्माण भएका छैननू, संरचना नबन्दा पनि नरसिंहकोट आउने पर्यटक टाकुरासम्म पुग्ने गरेका छन्, त्यहाँ जाने मोटरबाटो निर्माण भएको छैन, सडक सजिलो भयो भने अझ धेरै पर्यटक भित्र्याउन सकिन्छ”, अध्यक्ष कुवँरले भन्नुभयो, “यसपाली प्रदेश सरकारसँग बजेट माग गरेका छौं, केही बजेट प्रदेशको र पालिकाबाट केही मिलाएर सडक निर्माण गर्नुपर्ने छ, सुरुवाती चरणमा छौं, काम गर्दै जाने योजना बनाइरहेका छौं ।”

सडक निर्माण गर्दा टाकुराको सौन्दर्य कुरुप बन्ने हुँदा व्यवस्थित रुपमा काम गर्ने अध्यक्ष कुँवरको भनाइ छ । आवश्यक ठाउँमा पदमार्ग, शौचालय र खानेपानीको व्यवस्थापन गर्ने बाँकी रहेको हुँदा विभिन्न निकायसँग सहकार्य गरेर काम गर्ने उहाँ बताउनुहुन्छ ।

# 'केन्द्रीय प्रभावबाट मुक्त हुने वातावरणका लागि पहल गर्छौं'

काठमाण्डु । सङ्घीय संसद् तथा प्रदेशसभाका सभामुख र उपसभामुखले सभाका कामकारबाहीलाई थप पारदर्शी, पहुँचयोग्य, उत्तरदायी र प्रभावकारी तुल्याउँदै प्राथमिकताका साथ कार्यान्वयन गर्ने दृढता व्यक्त गर्नुभएको छ।

सङ्घीय संसद् तथा प्रदेशसभाका सभामुख र उपसभामुख सम्मिलित अनुभव आदानप्रदानसम्बन्धी काठमाडौँको चन्द्रागिरिमा सम्पन्न दुईदिने भेलाले सभाबीचको पारस्परिक सिकाइ र साझा सवालको पहिचानसहित १२ बुँदे निष्कर्ष निकालेको हो।

प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, सातवटै प्रदेशसभाका सभामुख र उपसभामुखको भेलाले निर्माण भइसकेपछि कानुन कार्यान्वयनको अवस्था मापन गर्ने कार्यको थालनी गर्ने निर्णय गरेको छ।

सङ्घ र प्रदेश स्वतन्त्र रहने मान्यतालाई आत्मसात् गर्दै सङ्घीय संसद्मा हुने राजनीतिक फेरबदलका कारण प्रदेशसभा प्रभावित हुने विषयलाई निरुत्साहित गर्ने विषयमा उहाँहरुबीच सहमति भएको छ।

केन्द्रीय प्रभावबाट मुक्त हुने वातावरणका लागि पहल गर्ने विषयमा पनि उहाँहरुबीच मतैक्यता रहेको भेलापछि जारी निष्कर्षमा उल्लेख छ । भेलाले कानुन कार्यान्वयनमा प्रभावकारिता ल्याउन कानुन निर्माणकै क्रममा आवश्यकता र कार्यान्वयनको सम्भाव्यता अध्ययन गर्ने निष्कर्ष निकालेको हो।

सभा तथा संसदीय समितिबाट दिइएका निर्देशनको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्ने कार्यलाई थप परिणाममुखी बनाउने र सोका लागि सभाबीच आपसी सहकार्य गर्ने प्रस्ताव पनि भेलाले पारित गरेको छ।

संसद्को अधिवेशन आह्वान, अन्त्य, अधिवेशनमा पेस हुने विधेयकलगायत सरकारी कार्यसूचीमा रहने विषयका सम्बन्धमा सरकारले सभाध्यक्षसँग परामर्श गर्ने पद्धति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराउने विषयमा दुवै तहका सभामुख र उपसभामुखबीच मतैक्यता भएको छ।



सभाको कार्यबोझको जानकारी अधिवेशनअगावै सभाध्यक्षलाई दिन सरकारको ध्यानाकर्षण गराउने भेलाको निष्कर्ष छ । व्यवस्थापिकालाई आर्थिक स्वायत्तताको प्रत्याभूति गर्न र कुनै पनि कारणबाट बजेटको अभाव हुन नदिन सरकारलाई ध्यानाकर्षण गराउने विषयमा उहाँहरुबीच सहमति भएको छ। संसद् र सचिवालयलाई भौतिक स्रोतका साथै पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन गर्ने गराउन प्रयत्न गरिने भएको छ।

राष्ट्रियसभाको सङ्घीयता कार्यान्वयनसम्बन्धी विशेष समितिको सिफारिसमा सभाले दिएको निर्देशन कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गराउन पनि सभामुख र उपसभामुखबीच सहमति बनेको छ।

पूर्वबजेट छलफल र सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका विषय समावेश हुने अवस्थाको सुनिश्चिता गर्ने तथा उल्लेखित कार्यक्रम हरेक आर्थिक वर्षको बजेट अधिवेशनअगावै सक्ने गरी व्यवस्थापन गर्नुपर्छ भन्ने भेलाको निष्कर्ष छ।

भेलाले संविधान प्रदत्त महिलाको हकअधिकार कार्यान्वयन गर्न र महिला सशक्तीकरणका लागि प्रतिनिधिसभाका उपसभामुखको नेतृत्वमा राष्ट्रियसभाका उपाध्यक्ष र प्रदेशसभाका उपसभामुख रहेको संसदीय संयन्त्र निर्माण गर्ने निर्णय गरेको छ । उपसभामुखको कार्यबोझलाई विस्तृतीकरण गर्न पहल गर्ने विषयमा पनि उहाँहरुबीच सहमति भएको छ।

सङ्घीय लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढीकरण गर्न थप आवश्यक कानुनको पहिचान र प्राथमिकीकरणसहित कानुन निर्माण गरी प्रदेशसभालाई प्रभाकारी बनाउन आवश्यक पहल गर्ने भेलाको निष्कर्ष छ।

उहाँहरुबीच सङ्घीय शासन प्रणालीको भावना अनुकूल प्रदेशसभाका सभामुख र उपसभामुखको मर्यादाक्रममा पुनःविचार गर्न सरकारको ध्यानाकर्षण गराउने विषयमा पनि मतैक्यता कायम भएको छ।

सभा र सचिवालयलाई प्रविधिमैत्री बनाउन आफ्नै डाटा सेन्टरलगायत पूर्वाधार निर्माण गर्ने तथा तथ्याङ्कको गोपनीयता र सुरक्षालाई प्राथमिकता दिई कार्यसम्पादन गर्नेतर्फ पहल गर्दै कागजरहित तुल्याउने विषयलाई भेलाले जोड दिएको छ।

संसदीय कामकारबाहीलाई प्रभावकारी बनाउन कार्यपालिकाबाट हस्तक्षेप हुन नहुने मान्यतालाई आत्मसात् गर्दै प्रदेशसभामा कार्यरत कर्मचारीको व्यवस्थापन छुट्टै कानुनबमोजिम गर्न गराउन पहल गर्ने भेलाले निष्कर्ष निकालेको छ।

भेलाले सङ्घीय संसद् र प्रदेशसभाका सदस्य र कर्मचारीको क्षमता तथा व्यावसायिकता अभिवृद्धि, अनुभव आदानप्रदान र अध्ययन भ्रमणजस्ता कामलाई प्रोत्साहित गर्ने विषयलाई पनि प्राथमिकता दिने भनेको छ।

सङ्घीय सचिवालयद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा सञ्चारकर्मीको जिज्ञासामा सभामुख देवराज घिमिरेले संसद् र संसदीय गतिविधिसम्बन्धी सूचना प्रवाह गरी जनतालाई समयमै सुसूचित गर्न सञ्चार क्षेत्रको योगदान महत्वपूर्ण रहिआएको बताउनुभयो।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रदेशको स्वयत्ततामा सङ्घको प्रभाव नपरोस् भन्ने पाटोलाई सबैले आत्मसात् र मनन गर्न आवश्यक रहेको बताउनुभयो। रासस

# बैठक 'लाइभ'ले पारदर्शीता प्रवर्द्धन भएको छ : कांग्रेस नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले केन्द्रीय कार्यसमितिको बैठक प्रत्यक्ष प्रसारण (लाइभ) हुँदा पारदर्शीतालाई प्रबर्द्धन गरेको बताउनुभएको छ।



यही साउन २ गतेदेखि जारी कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा आइतबार आफ्ना धारणा राख्दै डा कोइरालाले कार्यविधि तय गरेरै बैठक प्रत्यक्ष प्रसारण गरेको भए अझ राम्रो हुने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "कुन विषय बन्द कोठामा गर्ने र कुन विषय खुल्ला गर्ने भन्ने कुराको परिधि तय गरिनुपर्थ्यो । मलाई लाग्छ परराष्ट्र, समसामयिक विषय, अन्तरदलीय विषय, निर्वाचन रणनीतिआदि विषयको स्पष्ट मार्गदर्शन बनाऔं।"

पछिल्लो आम निर्वाचनमा गठबन्धन गरेकै कारण कांग्रेस संसदभित्र ठूलो दल भएको बताउँदै उहाँले ठूलो दलको हैसियतले सरकारको नेतृत्व गर्न पार्टीलाई प्राविधिक कारणले सम्भव नभएको बताउनुभयो । यद्यपि कांग्रेसको समर्थनको सङ्घीय सरकार रहको र प्रदेश सरकारमा पनि कांग्रेसको उपस्थिती बलियो रहेको उल्लेख गर्नुभयो।

"कांग्रेसले गठबन्धन गरेर ठीक वा बेठीक गऱ्यो भनी अब बस्ने समय छैन, आगामी निर्वाचन कांग्रेसले एक्लै लड्ने तयारी आइतबारबाटै गर्नेछौं भनी शपथ खानुपर्नेछ", नेता डा कोइरालाले भन्नुभयो, "किनकी गत निर्वाचनबाट हामीले प्राप्त गरेको मत विभाजित कम्युनिष्ट पार्टीभन्दा पनि कम छ।"

गठबन्धनको मर्मअनुसार सरकार सञ्चालन भएको छ कि छैन वा मन्त्रीले स्वतस्फुर्तरुपमा काम गर्न पाएका छन् कि छैनन् भन्ने विषयमा भने सोच्नुपर्ने समय आएको उहाँको भनाइ थियो।

> "नीतिगतरुपमै कानुन बनाएर दण्डहिनतालाई प्रश्रय दिने काम भइरहेको छ । हाल संसद्मा रहेको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०८० तत्काल खारेज गरिनुपर्छ । यदि यो विधेयक संसद्बाट पारित भए देशमा दण्डहिनताले संस्थागत रुप लिन्छ", उहाँले भन्नुभयो ।

उहाँले कांग्रेस सरकारमा छ, भन्ने अनुभूति जनतालाई दिलाउने तर्फ कांग्रेसबाट प्रतिनिधित्व गर्ने मन्त्रीलाई सचेत हुन आग्रह गर्नुभयो। देशमा पछिल्ला दिनमा दण्डहिनता बढेर गएको उहाँको भनाइ छ।

"नीतिगतरुपमै कानुन बनाएर दण्डहिनतालाई प्रश्रय दिने काम भइरहेको छ । हाल संसद्मा रहेको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०८० तत्काल खारेज गरिनुपर्छ । यदि यो विधेयक संसद्बाट पारित भए देशमा दण्डहिनताले संस्थागत रुप लिन्छ", उहाँले भन्नुभयो। दण्डहिनताको अन्त्य गर्न कांग्रेसले नेतृत्वदायी भूमिका खेलोस् भन्ने चाहना जनताले राखेको उहाँको भनाइ छ।

उहाँले समाजवादी मोर्चा किन बनेको हो र गठबन्धनभित्रैबाट बनेको यसको औचित्य के भनी उहाँले प्रश्न गर्नुभयो । भुटानी शरणार्थी प्रकरण विषयमा उहाँले केन्द्रीय समितिले पारदर्शीता र सुशासनका पक्षमा उभिन सक्ने नैतिक बल दिनेमा विश्वास व्यक्त गर्नुभयो।

प्रत्यक्ष निर्वाचन प्रणालीभित्रबाटै समानुपातिक र समावेशीको सुनिश्चितता गरि नुपर्ने र त्यसको पहल कांग्रेसले गर्नुपर्ने नेता डा कोइरालाको भनाइ थियो।

यसैगरी उहाँले विदेशमा बस्ने नेपालीलाई समानुपातिक प्रणालीमा मताधिकार दिने भनेर निर्वाचन आयोगले भनेको उल्लेख गर्दै यससम्बन्धी कानुन बनाएर कार्यान्वयनका लागि कांग्रेसले जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेता डा कोइरालाले विभिन्न कारणले कांग्रेसको मूलधारबाट अलग्गिएका र छेउ किनारामा पुगेका कांग्रेसजनलाई सम्मानजनकरुपमा घर फर्कने बाटो खोलिनुपर्ने धारणा व्यक्त गर्दै कांग्रेसले व्यक्तिको राजनीतिक सुरक्षा र राष्ट्र निर्माणमा समान अवसर सबैलाई दिन्छ भन्ने सन्देश प्रवाह गर्नसके असन्तुष्ट भएकालाई पुनः मूलधारमा ल्याउन सकिने तर्क गर्नुभयो।

उहाँले विधानअनुसार अविलम्ब महासमितिको बैठक बोलाई नीति तथा कार्यक्रम ल्याउनेतर्फ जानुपर्ने माग गर्नुभयो। रासस

# राष्ट्रपतिसँग चिनियाँ कम्युनिष्ट पार्टीका शीर्ष नेताको शिष्टाचार भेट



काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलसँग चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय कमिटीका राजनीतिक ब्यूरो सदस्य युआन च्या च्युनले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। तीन दिने नेपाल भ्रमणमा आउनुभएका युआनले राष्ट्रपति पौडेलसँग आइतबार राष्ट्रपति भवन शीतल निवासमा भेटवार्ता गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

सो अवसरमा दुईपक्षीय हित तथा पारस्परिक सम्बन्ध मजबुत बनाउने विषयमा छलफल भएको राष्ट्रपतिका परराष्ट्र विज्ञ डा सुरेश चालिसे जानकारी दिनुभयो।

भेटवार्तामा राष्ट्रपति पौडेलले एतिहासिक कालदेखि नै नेपाल र चीन असल छिमेकी रहेको र यस प्रकारका उच्च तहको भ्रमणले दुई देशबीचको सम्बन्ध अझ सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो।


युआन श्रीलङ्काको भ्रमण सम्पन्न गरी आइतबार नै काठमाडौं आइपुग्नुभएको हो।

सो अवसरमा नेपालका लागि चिनीयाँ राजदूत चेन सोङसहितको प्रतिनिधिमण्डलका सदस्यको उपस्थिति थियो भने परराष्ट्रविज्ञ चालिसे, राष्ट्रपति कार्यालय सचिव डिल्लीराज शर्मा, परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर थापालगायतको सहभागिता थियो। रासस

# प्रधानमन्त्री प्रचण्ड इटालीको रोममा

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' इटालीको रोम पुग्नुभएको छ। संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठनको मुख्यालय इटालीको रोममा आयोजना गरिएको 'युनाइटेड नेशन्स फुड सिस्टमस्-२०२३ स्टकिङ मोमेन्ट'मा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री प्रचण्ड आइतबार स्थानीय समयअनुसार बिहान ७:३० मा त्यहाँ पुग्नुभएको हो।

प्रधानमन्त्री प्रचण्डले सो कार्यक्रमलाई विशेष सम्बोधन गर्नुहुने कार्यक्रम छ। कार्यक्रम यही साउन ८ देखि १० गतेसम्म आयोजना हुँदैछ। प्रधानमन्त्रीलाई रोमस्थित अष्ट्रियाका लागि नेपाली राजदूत भरतकुमार रेग्मी, इटालीका परराष्ट्र मन्त्रालयका अधिकारीले स्वागत गर्नुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो।



अतिकम विकसित राष्ट्रहरुको अध्यक्षको हैसियतमा उक्त कार्यक्रमको उद्घाटन समारोहलाई प्रधानमन्त्री प्रचण्डले सम्बोधन गर्नुहुनेछ। हालै नेपालले पाँच वर्षका लागि अतिकम विकसित राष्ट्रहरूको ग्लोबल कोर्डिनेसन ब्युरोको अध्यक्षता ग्रहण गरेको छ।

प्रधानमन्त्री प्रचण्ड नेतृत्वको प्रतिनिधिमण्डल शनिबार इटालीतर्फ प्रस्थान गरेको थियो। प्रधानमन्त्री प्रचण्ड नेतृत्वको भ्रमण दलमा उहाँको स्वकीय सचिव एवं छोरी गङ्गा दाहाल, कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत, सुरक्षाकर्मी एवं सञ्चारकर्मी सहभागी हुनुहुन्छ।

यस्तै प्रधानमन्त्री दाहाल विद्यालय भोजनका बारेमा आयोजना गरिएको छलफल सत्रमा सहभागी हुनुहुनेछ। यसैगरी उहाँ साउन ९ गते खाद्य प्रणाली परिवर्तन र अभ्यासमा सन्दर्भमा आयोजना हुने छलफल समेतमा सहभागी हुनुहुनेछ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घका उच्च अधिकारीसँग साइडलाइनमा भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ। खाद्य तथा कृषि सङ्गठनका महानिर्देशक, विश्वखाद्य कार्यक्रमका कार्यकारी निर्देशक, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषका अध्यक्षलगायतका संयुक्त राष्ट्रसङ्घीय अधिकारीसँग प्रधानमन्त्री दाहालले भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ।

नेपालको खाद्य सुरक्षाका साथै नेपालले भोगिरहेको चुनौती एवं अन्तर्राष्ट्रिय सहयोगका बारेमा त्यसअवसरमा महत्वपूर्ण छलफल हुनेछ।

यस्तै, रोममा गैरआवासीय नेपाली सङ्घले आयोजना गर्ने अन्तरक्रियामा प्रधानमन्त्री प्रचण्ड सहभागी हुनुहुनेछ। प्रधानमन्त्री प्रचण्ड यही साउन १२ गते स्वदेश फर्कने कार्यक्रम छ। रासस

# मन्त्री बस्नेत अबुधावी प्रस्थान

काठमाण्डु । संयुक्त अरब इमिरेट्सको अबुधावीमा हुने अन्तर र्राष्ट्रिय सौर्य गठबन्धनको क्षेत्रीय समितिको पाँचौ बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत आबुधावी प्रस्थान गर्नुभएको छ।



मन्त्री बस्नेत नेतृत्वको तीन सदस्यीय टोली आइतबार त्यसतर्फ प्रस्थान गरेको हो। सो बैठक बैठक यही साउन ८ देखि १० गतेसम्म अबुधावीमा आयोजना हुँदैछ । आईएसएका सदस्य राष्ट्रहरु, एसिया प्रशान्त क्षेत्रका देशमध्ये सम्भाव्य सदस्य राष्ट्रहरु, साझेदार संगठनहरुको बैठकमा सहभागिता रहनेछ।

भारत र फ्रान्सको संयुक्त प्रयासको रूपमा स्थापित अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए)सँग सम्बन्धित करार सम्झौताबाट सदस्य राष्ट्रलाई सौर्य ऊर्जा प्रविधिहरु प्रयोग गरी ऊर्जा पहुँच बढाउन, ऊर्जा सुरक्षा सुनिश्चित गर्न, ऊर्जाको विकासलाई निर्देशित गर्ने र जलवायु परिवर्तनको असर कम गर्न सहयोग प्राप्त हुनेछ।

नेपालमा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका लागि अन्तर र्राष्ट्रिय क्षेत्रको लगानी एवं आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सो गठबन्धनबाट मद्दत पुग्ने बताइएको छ। रासस

# अनेरास्ववियुले शैक्षिक संस्थामा तालाबन्दी नगर्ने

काठमाण्डु । नेकपा(एमाले) निकट अनेरास्ववियुले शैक्षिक संस्थामा तालाबन्दी नगर्ने घोषणा गरेको छ।

अनेरास्ववियुले आइतबार यहाँ आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा अबदेखि कुनै पनि विश्वविद्यालय तथा क्याम्पसमा तालाबन्दीका कुनै पनि कार्यक्रम नगर्ने सङ्गठनका अध्यक्ष समिक बडालले जानकारी दिनुभयो।

"अहिले तालाबन्दीका कारणले विश्वविद्यालय र क्याम्पस अस्तव्यस्त भएका छन्", उहाँले भन्नुभयो, "अबदेखि अखिलले कुनै पनि शैक्षिक संस्थामा तालाबन्दी गर्दैन, तल्लो कमिटीलाई तालाबन्दी नगर्न हामीले निर्देशन दिइसक्यौं।" अहिले नेपाल संस्कृति विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा विभिन्न विद्यार्थी सङ्गठनले तालाबन्दी गरेका छन्।

अध्यक्ष बडालले तालाबन्दीका कारण विद्यार्थीको पठनपाठनसहित विश्वविद्यालय र क्याम्पस अस्तव्यस्त बन्ने भएकाले तालाबन्दीको विकल्पका रुपमा अन्य आन्दोलन गर्ने बताउनुभयो।

पत्रकार भेटघाटमा उहाँले सामुदायिक विद्यालय सुधार गर्न स्थानीय तहले गरेको कार्यलाई सहयोग गर्ने भनाइ राख्नुभयो। उहाँले विश्वविद्यालयका पदाधिकारी नियुक्ति राजनीतिक नभइ 'बोर्ड अफ ट्रस्ट'का आधारमा गर्न सरकारलाई दबाब दिने बताउनुभयो।

## दश हजार कमिटी गठन

यसैगरी अखिलले सङ्गठन विस्तारका लागि १० हजार कमिटी गठन गर्ने अभियान थालेको छ। छ महिनाभित्र वडा तह, पालिका तह, क्याम्पस तहसम्म १० हजार कमिटी गठन गर्ने अध्यक्ष बडालले जानकारी दिनुभयो।

अभियानकै क्रममा अहिले क्याम्पस तहमा सदस्यता विवरण गरिरहेको जनाइएको छ । यही साउन १ देखि १० गतेसम्म क्याम्पसमा सङ्गठनका लागि सदस्यता विवरण गरिरहेको उहाँको भनाइ छ।

क्याम्पसपछि कक्षा ११ र १२ मा अध्ययनरत रहेका विद्यार्थीलाई अखिलको सदस्यता विवरण गर्ने जनाइएको छ । अध्यक्ष बडालले आफ्नो सङ्गठनले कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई अखिलको सदस्य नबनाउने घोषणा गर्नुभयो। रासस


**मल्टीपर्पस फाइनान्स लि.**

**शाखा कार्यालय जनकपुरधाम, धनुषा**

## कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस वित्तीय संस्थाबाट तपशिलमा उल्लेखित चलअचल सम्पति सुरक्षण वापत धितो राखी तपशिलका ऋणीले लिएको कर्जाको सांवा, ब्याज लगायतका अन्य रकम समेत यस वित्तीय संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक-पटक मौखिक तथा लिखित तर-तगेदा गर्दा समेत सो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैंतिस) दिने कर्जा चुक्ता गर्ने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित गरिएकोछ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सांवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन बमोजिम यस वित्तीय संस्थासंग गरेको लिखत अनुसार धितोमा रहेको चलअचल सम्पति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस वित्तीय संस्थाले आफनो सम्पूर्ण लेना रकम असुल उपर गरिलिनुका साथै ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै तपशिलमा रहेको धितोबाट समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियामावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी तथा जमानीकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
| --- | --- | --- |
| १ | नामः दशरथ चौधरी<br>ठेगानाः जि. महोत्तरी गोरहन्ना गा.वि.स वार्ड नं ०२ हाल जि. महोत्तरी भंगहा न.पा. वार्ड नं.०७<br>बाबुको नामः जय लाल<br>बाजेको नामः मिश्री चौधरी | श्री मिश्री चौधरी को नाती जय लाल को छोरा जि.महोत्तरी गोरहन्ना गा.वि.स. वाड नं ०२ बस्ने दशरथ चौधरीको नाउमा दर्ता कायम रहेको जि.महोत्तरी गोरहन्ना वाड नं. १ क को कित्ता नं. ७३ को क्षेत्रफल ०-१२-९-० , जि.महोत्तरी गोरहन्ना वाड नं. ३क को कित्ता नं. १८६ को क्षेत्रफल ०-१०-०-० र जि.महोत्तरी गोरहन्ना वाड नं. २ख को कित्ता नं.३७५ को क्षेत्रफल ०-८-०-० को जग्गा |

# सर्वोच्च अदालतमा केजरीवाल सरकार र केन्द्रबीच कुन बिन्दुमा लडाइँ ?

**बीबीसी**

नयाँ दिल्ली । सर्वोच्च अदालतको पाँच सदस्यीय संवैधानिक इजलासले अब दिल्लीमा अधिकारीहरूको सरुवा र नियुक्ति दिल्ली सरकारले गर्ने कि केन्द्र सरकारले गर्ने भन्ने प्रश्नको जवाफ दिनेछ। सर्वोच्च अदालतमा दिल्लीको अरविन्द केजरीवाल सरकारको याचिकामाथि सुनुवाइ गर्ने तीन सदस्यीय बेन्चमा मुख्य न्यायाधीश डीवाई चन्द्रचुड, न्यायमूर्ति पीएस नरसिम्हा र न्यायाधीश मनोज मिश्रा समावेश थिए।

समाचार एजेन्सी पीटीआईका अनुसार आफ्नो दश पृष्ठको आदेशमा बेन्चले संविधानको धारा २३९ ए (७) अन्तर्गत दुईवटा कानुनी प्रश्नहरू राखेको छ।

सर्वोच्च अदालतको बेन्चले राष्ट्रिय राजधानी दिल्लीको प्रशासनलाई लिएर केन्द्र र दिल्ली सरकारबीच लामो कानुनी लडाइँ अन्त्य गर्न आवश्यक रहेको बताएको छ।

**अदालतले के भन्यो ?**

प्रधानन्यायाधीश डीवाई चन्द्रचुडको नेतृत्वको इजलासले आफ्नो १० पृष्ठको आदेशमा संवैधानिक इजलासका लागि दुईवटा प्रारम्भिक मुद्दा उठाएको थियो ।

पहिलो मुद्दा अध्यादेशको दफा-३ क समावेशसँग सम्बन्धित छ। सेक्शन-घ८ ले दिल्लीको राष्ट्रिय राजधानी क्षेत्र (ल्ऋत्म्) को विधायी शक्तिहरूबाट राज्य सूचीको प्रविष्टि ‌द्धज्ञ (सेवाहरू) हटाउँछ। प्रविष्टि ‌द्धज्ञ हटाएपछि, दिल्ली सरकारसँग सेवाहरूमा कार्यकारी अधिकार रहँदैन।

दोस्रो मुद्दा यो हो कि कुनै कानूनले सेवाहरूमा दिल्ली सरकारको कार्यकारी अधिकार पूर्ण रूपमा खोस्न सक्छ? किनभने अध्यादेशले प्रविष्टि ४१ अन्तर्गतका सेवाहरूको पक्ष पनि धारा ३ए को वैधतासँग जोडिएको उल्लेख गरेको छ।

बिहीबारको सुनुवाईको क्रममा, सर्वोच्च अदालतले दिल्ली सरकारको तर्कलाई खारेज गऱ्यो कि यो मुद्दालाई संवैधानिक बेन्चमा पठाउनु आवश्यक छैन।

दिल्ली सरकारको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता अभिषेक मनु सिंघवीले भने कि यो मामिलालाई तीन न्यायाधीशको बेन्चले निर्णय गर्न सक्ने भएकाले यो मुद्दालाई संवैधानिक बेन्चमा पठाउनु आवश्यक छैन। अदालतले आफ्नो पेन्डन अवधिमा सम्पूर्ण प्रणालीलाई पक्षाघात हुने बताएको छ।दिल्ली सरकार बाहेक, केन्द्र सरकारले पनि दिल्लीमा सेवाहरूको नियमनमा सर्वोच्च अदालतको निर्णयको बिरूद्ध सर्वोच्च अदालतमा समीक्षा याचिका दायर गर्यो।

एकातिर सर्वोच्च अदालतले अध्यादेशको विषय संवैधानिक इजलासमा पठाएको छ भने अर्कोतर्फ केन्द्र सरकारले संसदमा अध्यादेश ल्याउन लागेको छ ।

यस्तो अवस्थामा केन्द्र र दिल्ली सरकारबीच चलिरहेको लडाइँ सर्वोच्च अदालतको फैसलासँगै समाप्त हुन्छ कि भन्ने प्रश्न उठ्छ ?

**सर्वोच्च अदालतले अध्यादेश खारेज गर्न सक्छ ?**

लामो सुनुवाइ र संवैधानिक इजलासको



गह्रौं निर्णयमा पनि अधिकारको विवादको निर्णायक समाधान किन हुन सकेको छैन ?

यी प्रश्नहरूको जवाफ खोज्न बीबीसीले कानुनविद्हरूसँग कुरा गरेको थियो।

**सर्वोच्च अदालतले अध्यादेश खारेज गर्न सक्छ ?**

अदालतबाट अध्यादेश खारेज भएको सम्बन्धमा सर्वोच्चका अधिवक्ता विराग गुप्ताले अध्यादेशलाई संविधानको आधार भूत संरचनाविपरीत ठानेपछि मात्रै यस्तो हुन सक्ने बताउँछन् । विराग गुप्ताका अनुसार अध्यादेशमा दुईवटा कुरा यसरी लेखिएको छ कि छिट्टै खारेज हुने सम्भावना छैन ।

उनी भन्छन्, “पहिलो कुरा यो हो कि दिल्ली सीमित अर्थमा केन्द्र शासित प्रदेश हुन सक्छ, तर व्यापक अर्थमा यो देशको राजधानी हो। दिल्लीमा सबै संवैधानिक संस्थाहरूसँगै सर्वोच्च अदालत र विदेशी दूतावासहरू छन्। त्यसैले पूर्ण राज्यको संवैधानिक इजलासको निर्णयमाथि प्रश्न उठेको छ।“

“दोस्रो, संसदले बालकृष्णन समितिको सिफारिसको आधारमा ज्ञढढज्ञ मा दिल्ली राष्ट्रिय राजधानी (ल्ऋत) ऐन लागू गऱ्यो। बालकृष्णन समितिले पनि सेवाहरूको नियन्त्रण केन्द्र सरकारको अधीनमा राख्न सिफारिस गर्यो।“हिमाचल प्रदेश नेशनल ल युनिभर्सिटीका प्रोफेसर चंचल कुमार सिंहले दिल्ली अध्यादेशलाई अदालतमा पनि खारेज गर्न सकिन्छ भन्ने विश्वास गर्छन्।

प्राध्यापक चञ्चलकुमार सिंह भन्छन्, ‘संविधानको धारा १२३ र २३९ ए (७) ले विशेष परिस्थितिमा अध्यादेश ल्याउने अधिकार केन्द्र सरकारलाई दिएको छ, तर त्यसैका आधारमा संविधानको धारा २३९ ‘क’ लाई पूर्णरूपमा विस्थापित नगरी सहज रूपमा कार्यान्वयन गर्नुपर्छ ।

“समग्रमा, तपाईले अनुच्छेद द्दघढ८८ लाई परिमार्जन गर्न सक्नुहुन्छ तर यसको आधार परिवर्तन गर्न सक्नुहुन्न। अध्यादेशको मामलामा, केन्द्र सरकारले अनुच्छेद द्दघढ८८ को आधारमा टिंकर गर्ने प्रयास गरेको छ।“

प्राध्यापक कुमार भन्छन्, ‘यो अध्यादेश ल्याएर केन्द्र सरकारले एक प्रकारले सर्वोच्च अदालतको फैसलालाई खारेज गरेको छ ।

**अब के हुने हो ?**

हाल सर्वोच्च अदालतले मुद्दाको सुनुवाइका लागि पाँच न्यायाधीशको संवैधानिक इजलास गठन गरेको छ । अधिवक्ता विराग गुप्ताले यसअधिका सम्भावित पक्षहरूबारे केही परिस्थितिहरू उल्लेख गरेका छन्।

**पहिलो अवस्था–** सर्वोच्च अदालतको संवैधानिक इजलासले धेरै निर्णय गरे पनि दिल्लीमा सत्ताको लडाइँ समाधान हुन सकेको छैन । ज्ञढढठ मा, ल्कः ऋ मामिलामा नौ न्यायाधीशहरूले भने कि दिल्ली सीमित अर्थमा मात्र राजधानी हो। त्यसैले दिल्ली सरकारको अधिकारलाई कम गर्न सरकारले संसद्मार्फत कानुनी परिवर्तन गर्छ भने त्यो अनैतिक हुन सक्छ, तर सर्वोच्च अदालतबाट खारेज हुन गाह्रो छ। यदि यो मुद्दा आगामी लोकसभा चुनावमा समाधान भएन भने, निर्णायक निर्णयको लागि नौ वा बढी न्यायाधीशहरूको इजलास गठन गर्नुपर्ने हुन सक्छ।

**दोस्रो–** यो विषयलाई संवैधानिक इजलासमा पठाउनुसँगै सर्वोच्च अदालतले यस्ता विषयमा धारा ३२ बमोजिम सर्वोच्च अदालतमा प्रत्यक्ष सुनुवाइ हुनु कत्तिको सही हो भन्ने प्रश्न पनि उठाएको थियो । अहिले यस विषयमा दुईवटा पक्ष उब्जिएका छन्, पहिलो, सरकारको अध्यादेश संसदबाट अनुमोदन हुन्छ कि हुँदैन ? दोस्रो, संसदलाई बाइपास गरेर सरकारले नयाँ ढंगले अध्यादेश नवीकरण गर्न सक्छ ?

**तेस्रो–** सर्वोच्च अदालतले कर्मचारीको सरुवा गर्ने सम्बन्धमा निजामती सेवा बोर्ड गठन गर्न आदेश दिएको थियो । यो व्यवस्था दिल्लीमा पहिले देखि नै छ। संबिधान सम्बन्धी कानुन बनाउने र सो बोर्डको अधिकार संसदलाई छ र यसले संविधानको आधारभूत संरचनालाई उल्लङ्घन गर्दैन । तर सर्वोच्च अदालतको फैसलापछि सरकारले अध्यादेशमार्फत कानुनी परिवर्तन गरेको भन्दै दिल्ली सरकारले यसलाई अदालतको अवहेलनाको मुद्दा भन्न खोजेको छ ।

अर्कोतर्फ प्राध्यापक चञ्चलकुमार सिंह अब संवैधानिक व्यवस्थाका आधारमा अध्यादेशको वैधता संवैधानिक इजलासले जाँच्नुपर्ने बताउँछन् । उनी भन्छन्, “अहिले चालू मंसिर अधिवेशनको ६ साताभित्र अध्यादेश पास गरिसक्नुपर्छ। यो अवधिभित्र दुवै सदनबाट अध्यादेश पास भएन भने स्वतः समाप्त हुन्छ। छ साता धेरै समय होइन।“

‘यो अध्यादेश दुबै सदनबाट पारित भएपछि ऐन बन्न सक्ने र सर्वोच्च अदालतमा निर्णय आउन अझै समय लाग्ने सम्भावना छ तर हालको निवेदनका आधारमा यो ऐन पनि चुनौतीकै रुपमा रहनेछ । चंचलकुमार सिंहले अहिले अध्यादेशलाई राज्यसभामा बहुमत ल्याउन गाह्रो भएको बताउँछन् । राज्यसभामा बहुमत नभए अदालतको निर्णय आउनुअघि नै अध्यादेश खारेज हुनेछ ।

**पूरै मामिला के हो ?**

यस वर्षको मे ११ मा, सर्वोच्च अदालतको संवैधानिक इजलासले दिल्लीमा अधिकारीहरूको सरुवा र पदस्थापनाको अधिकारलाई लिएर महत्त्वपूर्ण निर्णय दियो। अदालतले आफ्नो निर्णयमा भूमि, प्रहरी र सार्वजनिक व्यवस्था बाहेक, अधिकारीहरूको सरुवा र नियुक्तिको अधिकार सहित सबै मामिलाहरूमा दिल्ली सरकारको पूर्ण अधिकार हुनुपर्दछ भन्यो।

सर्वोच्च अदालतको संवैधानिक इजलासमा प्रधानन्यायाधीश डीवाई चन्द्रचुड, न्यायाधीश एमआर शाह, न्यायाधीश कृष्ण मुरारी, न्यायाधिश हिमा कोहली र न्यायाधीश पीएस नरसिंहा रहेका छन् । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले यो निर्णयलाई ‘लोकतन्त्रको जित, सत्यको विजय’ भनेका थिए ।

एक सातापछि, मे १९ मा, राष्ट्रिय राजधानीसँग सम्बन्धित संविधानको विशेष प्रावधान अनुच्छेद २३९एए अन्तर्गत आफ्नो अधिकार प्रयोग गर्दै, केन्द्रीय सरकारले दिल्लीमा अधिकारीहरूको सरुवा र नियुक्तिसम्बन्धी अध्यादेश जारी गऱ्यो। अध्यादेशमार्फत सेवा नियन्त्रणसम्बन्धी अन्तिम निर्णय लिने अधिकार उपराज्यपाललाई फिर्ता दिइएको छ ।

दिल्लीको राष्ट्रिय राजधानी क्षेत्र (संशोधन) अध्यादेश, द्दण्द्दघ अन्तर्गत, दिल्लीमा ’म्ब्लक्षऋक’ क्याडरका ’ग्रुप-ए’ अधिकारीहरू विरुद्ध सरुवा र अनुशासनात्मक कारबाहीका लागि ’राष्ट्रिय राजधानी सार्वजनिक सेवा प्राधिकरण’ गठन गरिनेछ।

DANICS भनेको दिल्ली, अण्डमान-निकोबार, लक्षद्वीप, दमन र टापुहरू र दादरा र नगर हवेली सिभिल सेवाहरू हुन्।

प्राधिकरणमा दिल्लीका मुख्यमन्त्री, दिल्लीका मुख्य सचिव र दिल्लीका गृह प्रधान सचिव सहित कुल तीन सदस्य रहनेछन्। मुख्यमन्त्रीलाई यस अख्तियारको अध्यक्ष बनाइएको छ, तर पदाधिकारीको सरुवा र नियुक्तिसम्बन्धी निर्णय गर्ने अधिकार उहाँलाई हुनेछ, तर अन्तिम मोहर लेफ्टिनेन्ट गभर्नरको हुनेछ।

यसपछि दिल्ली सरकार अध्यादेशलाई चुनौती दिँदै सर्वोच्च अदालत पुग्यो । अदालतमा दायर याचिकामा दिल्ली सरकारले केन्द्र सरकारको अध्यादेश असंवैधानिक भएको भन्दै अध्यादेशमाथि तत्काल प्रतिबन्ध लगाउन माग गरेको थियो । सुनुवाईको क्रममा, अदालतले अध्यादेशलाई तुरुन्तै रोक्न अस्वीकार गऱ्यो तर केन्द्र सरकार र लेफ्टिनेन्ट गभर्नरलाई उनीहरूको जवाफ खोज्न नोटिस जारी गऱ्यो।

# यमन युद्ध अन्त्यका लागि मध्यस्थता गर्ने इराकको प्रस्ताव

**एएफपी**

बग्दाद । इराकले यमनमा वर्षौंदेखि चलेको युद्ध अन्त्यका लागि युद्धरत पक्षबीच मध्यस्थता गर्ने प्रस्ताव गरेको इराकका उच्च कूटनीतिज्ञले आइतबार आयोजित पत्रकार सम्मेलनमा बताउनुभएको छ ।

इराकका विदेशमन्त्री फौद हुसेनले यमनका आफ्ना समकक्षीको भ्रमणका क्रममा उक्त प्रस्ताव अघि सार्नुभएको हो । इरान समर्थित हुथी विद्रोहीले सन् २०१४ मा राजधानी सानाकब्जा गरेका थिए भने अर्को वर्ष साउदी नेतृत्वको सैन्य गठबन्धनले देशको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारको पक्षमा हस्तक्षेप गरेको थियो ।

संयुक्त राष्ट्रसङ्घले विश्वकै सबैभन्दा खराब मानवीय सङ्कटको संज्ञा दिएको छ, जसमा खाद्यान्नको अभावजस्ता युद्ध वा अप्रत्यक्ष कारणले लाखौं मानिसको ज्यान गइसकेको छ । संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा छ महिना लामो युद्धविराम गत वर्षको अक्टोबरमा सकिएको थियो ।

उहाँले भन्नुभयो, “अहिले अनौपचारिक युद्धविराम भएको छ । व्यवहारमा, युद्धविरामको कुनै न कुनै रूप छ । हामी आशा



गर्दछौं, यो स्थितिले सबै यमनी पक्षहरूबीच वार्ताको नेतृत्व गर्छ,” हुसेनले यमनका विदेशमन्त्री अहमद बिन मुबारकसँग गरेको संयुक्त पत्रकार सम्मेलनमा जोड दिनुभयो ।

“इराक यस मामिलामा सहयोग गर्न तयार छ । सबै पक्षसँग हाम्रो राम्रो सम्बन्ध छ । हामी यमनको स्थिरता र सुरक्षाका लागि आफ्नो प्रभाव प्रयोग गर्न सक्छौं र हामी क्षेत्रीय स्तरमा काम गर्न सक्छौं,” उहाँले भन्नुभयो ।

बग्दादले क्षेत्रीय मध्यस्थकर्ताको रूपमा आफ्नो भूमिकालाई निरन्तर उजागर गर्ने प्रयास गर्दै आएको छ र अप्रिल २०२१ देखि क्षेत्रीय प्रतिद्वन्द्वीहरू इरान र साउदी अरबबीच अपेक्षाकृत निम्न-स्तरीय वार्ताको धेरै चरणहरू आयोजना गरेको छ।

गत मार्चमा रियाद र तेहरानले बेइजिङको मध्यस्थतामा भएको आश्चर्यजनक सम्झौतामा कूटनीतिक सम्बन्ध पुनः सुरु गर्ने घोषणा गरेका थिए । यस मेलमिलापले यमनमा शान्तिको आशा जगाएको थियो ।

“दुर्भाग्यवश, अहिलेका लागि हामीले यमनको स्थितिमा यस सम्झौताको प्रत्यक्ष प्रभाव देखेका छैनौं,” यमनका मन्त्रीले आफ्नो सम्बोधनमा भन्नुभयो ।

“तर हामी आशावादी छौं,” उहाँले भन्नुभयो । “यमनको यो युद्ध अन्त्य गर्ने समय आएको छ भन्ने हाम्रो विश्वास छ ।” गत अप्रिलमा यमनका लागि रियादका राजदूत मोहम्मद अल-जाबेरले युद्धविरामलाई ‘स्थायी शान्तिमा’ बदल्ने योजनाअन्तर्गत सानाको भ्रमण गर्नुभएको थियो । यद्यपि कुनै सम्झौता भएको छैन। त्यसको केही समयपछि जाबेरले युद्धरत पक्षहरू द्वन्द्व अन्त्य गर्न गम्भीर रहेको बताउनुभएको थियो ।

# अफगानिस्तानमा आएको बाढीका कारण मृत्यु हुनेको संख्या २६ पुग्यो, ४० जना अझै वेपत्ता

**सिन्ह्वा**

काबुल । अफगानिस्तानको मध्य भागमा मुसलधारे वर्षाका कारण आएको बाढीमा परी मृत्यु हुनेको संख्या २६ पुगेको छ भने ४० जनाभन्दा बढी बेपत्ता भएका छन् ।

राज्यको विपद् व्यवस्थापन मन्त्रालयका प्रवक्ता शफिउल्ला रहिमीले शुक्रबारदेखि परेको बर्षाका कारण देशभर आएको बाढीबाट ३१ जनाको मृत्यु भएको छ । बाढीका कारण भौतिक सम्पत्ति र खेतबारीमा व्यापक क्षति पुगेको जानकारी रहिमीले दिनुभयो ।

सरकारका प्रवक्ता जबीहुल्ला मुजाहिदले मैदान वार्दाक प्रान्तको जलरेज जिल्लाको मुख्य विपद् क्षेत्रमा तत्काल सहायता पठाइएको जानकारी



दिनुभयो । एशियाको पश्चिमी किनारामा अवस्थित अफगानिस्तानमा बर्षामा मौसममा आकस्मिक बाढी आउने गरेको छ । बर्षाका कारण सुख्खा नदी किनारहरूमा भारी वर्षा भेल आउँदा यसबाट ठूलो क्षति हुने गरेको छ ।

रहिमीले एक पत्रकार सम्मेलनमा जलरेजमा शुक्रबारदेखि अहिलेसम्म ६०४ घर पूर्ण वा आंशिक रुपमा क्षतिग्रस्त भएको र सयौं एकड खेतीयोग्य जमिन र बगैंचा नष्ट भएको जानकारी दिनुभयो ।

रहिमीका अनुसार विगत चार महिनामा प्राकृतिक प्रकोपसँग सम्बन्धित घटनामा अफगानिस्तानमा २१४ जनाको मृत्यु भएको छ ।

# महाराष्ट्र पहिरोमा सत्ताइस जनाको शव भेटियो, साठी जना बेपत्ता



**एएफपी**

नयाँदिल्ली । भारतको महाराष्ट्र राज्यमा गएको पहिरोमा परी २७ जनाको मृत्युभएको छभने कम्तीमा साठी जना बेपत्ता भएका छन् ।

मुम्बईबाट करिब एक सय किलोमिटर टाढा अवस्थित रायगड जिल्लाको एउटा गाउँमा बिहीबार मनसुनसँगै खसेको पहिरामा परी ज्यान गुमाएका २७ जनाको शव भेटिएका उद्धारकर्मीले बताएका छन् ।

“हामीले अहिलेसम्म २७ वटा शव फेला पारेका छौं, करिब ६० जना अझै बेपत्ता छन्,” आपत्कालीन सहायता टोलीका एक अधिकारीले भनेका छन्। भग्नावशेषमा खोजी भइरहेको रायगड जिल्ला अधिकारी योगेश म्हसेले आइतबार एएफपीलाई बताएका छन् ।

मूल सडकबाट करिब पाँच किलोमिटर टाढा घटनास्थल रहेको तथा त्यहाँ भारी यन्त्र पुग्ने बाटो नभएकाले मानिसले नै साना यन्त्रको सहयताले खोजी गरिरहेका उनले बताए ।

उक्त क्षेत्रमा अविरल वर्षा भइरहेकाले खोजलाई चुनौतीपूर्ण बनाएको छ । जिल्ला अधिकारी म्हसेले खोज तथा उद्धार चौथो दिनमा प्रवेश गरेको र जीवित भेटिनेमा आफू आशावादी नभएको बताएका छन् ।

# दक्षिणी डार्फरमा सोह्र जना मारिए

**सिन्ह्वा**

खार्तुम । सुडानको दक्षिणी डार्फरमा युद्धरत पक्षहरूबीच भएको झडपमा १६ जना सर्वसाधारणको मृत्यु भएको छ ।

सुडानको दक्षिणी डार्फर राज्यको राजधानी न्यालामा सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको बमबारीमा कम्तीमा १६ जना सर्वसाधारणको मृत्यु भएको डार्फर बार एसोसिएसनले जनाएको हो ।

पेशागत वकिलहरूको सङ्गठनले सडक र नागरिकका घरमा गोलीबारी भएको जनाउँदै शुक्रबारदेखिको दोहोरो भिडन्तले न्याला क्षतविक्षत भएको बताएको छ । गोलाबारी र भिडन्तका कारण न्यालाको दक्षिणमा रहेको अल-वोहदा र करारीलगायत क्षेत्र प्रभावित भएका छन् ।

सङ्घले युद्धरत पक्षहरुलाई तत्काल युद्ध बन्द गर्न र सर्वसाधारणलाई आक्रमणको निशाना नबनाउन आग्रह गरेको छ ।

गत अप्रिल १५ देखि खार्तुम र अन्य क्षेत्रमा सुडानी सेना र आरएसएफबीच जारी युद्धमा तीन हजारभन्दा बढीको मृत्यु भएको छभने छ हजारभन्दा बढी घाइते भएका छन् । संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार सुडान द्वन्द्व सुरु भएयता ३० लाखभन्दा बढी विस्थापित भएका छन् ।

# अफगानिस्तानमा आईएसको उपस्थिति नरहेको दाबी



**सिन्ह्वा**

काबुल । अफगानिस्तानको कामचलाउ सरकारले देशमा इस्लामिक स्टेट (आईएस) सङ्गठनको उपस्थिति नरहेको दाबी गर्दै त्यससम्बन्धमा सार्वजनिक विवरण आधारहीन भएका बताएको छ । साथै उसले ती विवरणको खण्डन पनि गरेको छ ।

अफगानिस्तानको इस्लामिक इमिरेट्सले कसैलाई अफगानिस्तानको राष्ट्रिय सुरक्षामा खलल पार्ने वा हाम्रो भूमि अरूका विरुद्धमा प्रयोग गर्न नदिने कार्यवाहक सरकारका विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहार बल्खीले स्पष्ट गरेका छन् ।

इरानका एक जना वरिष्ठ कूटनीतिज्ञले आतङ्कवादी समूह आईएसका कार्यकर्तालाई सिरिया, लिबिया र इराकबाट अफगानिस्तानमा सारिएको दाबी गरेपछि प्रवक्ता काहारको उक्त स्पष्टीकरण आएको हो । “हामी इरानी विदेशमन्त्रीले इराक, सिरिया र लिबियाबाट आईएसका नेतालाई अफगानिस्तानमा सारिएको दाबी गर्ने आरोपलाई अस्वीकार गर्दछौं,” बल्खीले ट्वीट् गरेका छन् ।

यसअघि अफगान सुरक्षा बलहरूले आईएससँग सम्बद्ध दर्जनौं कार्यकर्ताहरूलाई मारेको र गिरफ्तार गरेका थिए ।

चरमपन्थी सशस्त्र समूहले राजधानी काबुलमा मस्जिद, होटल र विदेश मन्त्रालयका कर्मचारीलगायत धेरै जनामाथि भएका घातक हमलाको जिम्मेवारी लिएको थियो ।

# मदिराको मातमा मधुशालामा आगजनी, एघार जनाको मृत्यु

**सिन्ह्वा**

मेक्सिको सिटी । उत्तरी मेक्सिकोमा मदिराको मातेको एक व्यक्तिले मधुशालामा आगो लगाउँदा ११ जनाको मृत्यु भएको छभने अन्य चार जना घाइते भएका छन् ।

उत्तरी राज्य सोनोराको सान लुइस रियो कोलोराडोको एक बारमा शनिबार उक्त घटना भएको स्थानीय अधिकारीहरूले जनाएको छ । मदोन्मत्त उसले बारमा रहेका महिलामाथि अभद्र व्यवहार गरेपछि उसलाई बारबाट निष्काशन गरिएको थियो ।

कथित अपराधी पत्ता लगाउन सङ्घीय, स्थानीय र नगरपालिकाको समन्वयमा मन्त्रालयको अपराध अनुसन्धान निकाय र विज्ञ सेवाले घटनास्थलमा काम गरिरहेका जनाइएको छ ।



बताएका छन् । आक्रमणमा सात जना पुरुष र चार जना महिलाले ज्यान गुमाएका छन् ।

मदिराले मातेको एक अपरिचितव्यक्तिलेआफूलाईबारका कर्मचारीले निकालेको झोकमा बारमा आगो झोसेको सोनोरा महान्यायाधिवक्ताको कार्यालयले बताएका छन् ।

सान लुइस रियो कोलोराडोका मेयर सान्तोस गोन्जालेज येस्कासले आक्रमणलाई “दुःखद घटना भन्दै नागरिक सुरक्षा कार्यालय र नगरपालिकाका अग्नि नियन्त्रकरूले अनुसन्धानमा सहयोग गरिरहेका बताएका छन् ।

# चालु आवको मौद्रिक नीति सार्वजनिक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आइतबार आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति सार्वजनिक गरेको छ।

सार्वजनिक भएको मौद्रिक नीतिबाट राष्ट्र बैंकले नीतिगत दर घटाएको छ भने बैंक तथा वित्तीय संस्थाको अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत राखेको छ । त्यस्तै, बैंकदर यथावत राखिएको छ भने निक्षेप सङ्कलनको बोलकबोल दरलाई घटाइएको छ।

"आन्तरिक तथा बाह्य आर्थिक परिदृश्यलाई दृष्टिगत गरी नीतिगत दरलाई ५० आधार बिन्दुले घटाइ छ दशमलव पाँच प्रतिशत कायम गरिएको छ", मौद्रिक नीतिमा भनिएको छ, "बैंकदरलाई साढे सात प्रतिशतमा यथावत राखी निक्षेप सङ्कलन बोलकबोल दरलाई पाँच दशमलव पाँच प्रतिशतबाट घटाएर चार दशमलव पाँच प्रतिशत कायम गरिएको छ।"

राष्ट्र बैंकले सञ्चालन लक्ष्यका रुपमा लिने भारित औसत अन्तरबैंक ब्याजदर बैंक दरभन्दा उच्च र निक्षेप सङ्कलन दरभन्दा न्यून भएमा दोस्रो बजार कारोबार र निक्षेप संकलन बोलकबोल खुला गरिने जनाएको छ।

त्यस्तै, बैंक दरमा स्थायी तरलता सुविधा र नीतिगत दरमा ओभरनाइट तरलता सुविधा उपलब्ध हुने व्यवस्थालाई यथावत राखिएको छ।

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन भन्दै राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलब्ध गराउने व्यवस्था गरिने जनाएको छ। बैंक तथा वित्तीय संस्थाको विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत राखिएको छ।

**मौद्रिक नीतिका सात लक्ष्य**

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा विभिन्न सात वटा लक्ष्य निर्धारण गरिएको छ।

कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको संरचना र लक्ष्य तय गरेको हो।

केन्द्रीय बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिमा विदेशी विनिमय सञ्चितिमा टेवा पुग्ने गरी व्यवस्था गरेको हो।

यस्तै, विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता र वार्षिक लक्षित मुद्रास्फीतिका आधारमा नीतिगत दर तय गर्ने भएको छ। नेपाली मुद्राको भारतीय मुद्रासँगको स्थिर विनिमयदरलाई मौद्रिक नीतिको अङ्कुशका रुपमा यथावत राखिएको छ।

बैंक तथा वित्तीय संस्थाको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदरलाई सञ्चालन लक्ष्यका रुपमा यथावत राखिएको छ । मौद्रिक नीतिले सञ्चालन लक्ष्यको स्थितिको आधारमा सक्रिय रुपमा खुला बजार कारोबार सञ्चालन गरी




अन्तरबैंक ब्याजदरलाई ब्याजदर करिडोरभित्र राख्ने लक्ष्य राखेको छ।

यस्तै, मुद्रास्फीतिलाई छ दशमलव पाँच प्रतिशतभित्र कायम राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य राखेको छ।

सरकारको चालु आवको वार्षिक बजेट वक्तव्यले लक्षित गरेबमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने प्राथमिकता केन्द्रीय बैंकले तय गरेको छ।

यस्तै, चालु आवमा विस्तृत मुद्राप्रदाय १२ दशमलव पाँच प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११ दशमलव पाँच प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएको छ।

विदेश भ्रमणमा जाने नेपालीले पाउने डलर सटही सुविधा बढ्यो विदेश भ्रमणमा जाने नेपाली नागरिकले पाउने सटही सविधा बढेको छ। नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी सुविधावापत् एक वर्षमा दुई पटकसम्म अमेरिकी डलर दुई हजार पाँचसम्म सटही सुविधा उपलबध गराउने भएको हो। हाल त्यस्तो सुविधा अमेरिकी डलर एक हजार पाँच सय बराबर मात्रै थियो।

यसअघि वैदेशिक मुद्रा सञ्चितिमा चाप परेको भन्दै केन्द्रीय बैंकले न्यून मात्रामा मात्रै डलर सटही सुविधा पाउने व्यवस्था गरेको थियो । हवाई सेवा प्रदायकहरुलाई आवश्यक पर्ने विभिन्न सेवा शुल्कको भुक्तानी विदेशमा गर्दा नियामक निकायको स्वीकृतिमा वा तोकिएका कागजात समेतको आधारमा अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम क वर्गका वाणिज्य बैंकमार्फत पठाउन सकिने व्यवस्था गरिएको छ।

कोभिड-१९ को प्रकोप र प्रभाव न्यून हुँदै गएको हुँदा विदेशी मुद्रामा लिएको ऋण नेपाली रुपैयामा भुक्तानी गर्न सकिने विद्यमान व्यवस्था मौद्रिक नीतिले हटाएको छ । बैंक तथा वित्तीय संस्थाले यस बैंकको स्वीकृतिमा भित्र्याएको बाह्य ऋणमा अन्तर्निहित विदेशी विनिमय जोखिम व्यवस्थापनका लागि स्वापलगायतका उपकरणका सम्बन्धमा गरिएको अध्ययनका आधारमा त्यस्ता उपकरण उपलब्ध हुने व्यवस्था गरिने भएको छ।

**आवासीय घरकर्जाको सीमा बढाइयो**

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमार्फत आवासीय घर कर्जाको सीमा बढाएको छ।

"पहिलो आवासीय घर कर्जाको सीमा रु एक करोड ५० लाखलाई वृद्धि गरी रु दुई करोड पुऱ्याइनेछ", राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् भनेको छ । त्यस्तै, नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने व्यवस्थालाई राष्ट्र बैंकले चालु आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ।

चालु आर्थिक वर्षमा वित्तीय तथा मौद्रिक क्षेत्र सुधारका लागि विभिन्न कानूनी प्रक्रिया संशोधन तथा सुधारका नीति लिइने राष्ट्र बैंकको भनाइ छ। राष्ट्र बैंकको नियमन तथा सुपरीवेक्षणको काम चुस्त बनाउन विभिन्न नीति, ऐन, नियमावली तथा निर्देशिकामा संशोधन गरिने जनाइएको छ।

"वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैर-व्यावसायिक तथा उच्छृ ल गतिविधिलाई समेत नियन्त्रण गर्न सहयोग पुग्ने गरी विद्यमान बैकिङ्ग कसुर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइने छ", चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, "पारस्परिक मूल्याङ्कनबाट प्राप्त सुझाव समेतका आधारमा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित निर्देशनहरु जारी गरिने छ। साथै, सम्बन्धित कानुनको समसामयिक परिमार्जन गर्न र राष्ट्रिय रणनीति तर्जुमा गर्न सहजीकरण गरिनेछ।"

निजी क्षेत्रले विरोध जनाइरहेको चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शन पनि संशोधन गर्ने राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् जनाएको छ। "बैंक तथा वित्तीय संस्थाको सुझाव समेतको आधारमा चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने छ", मौद्रिक नीतिमा उल्लेख छ।

त्यस्तै, प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुको कर्जा पुनरसंरचना लगायतका व्यवस्था गरेर पुनरुत्थान तथा अन्य व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाले अवलम्बन गर्नु पर्ने उपाय र प्रकृयालाई समावेश गरी 'स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क' जारी गरिने राष्ट्र बैंकको भनाइ छ।

वाणिज्य बैंकहरुको सम्पत्तिको गुणस्तर पुनःमूल्याङ्कन गर्नुका साथै बैंक तथा वित्तीय संस्थाको आन्तरिक कर्जा जोखिम वर्गीकरण (इन्टरनल क्रेडिट रिस्क ग्रेडिङ) गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने मौद्रिक नीतिमा उल्लेख छ । त्यसैगरी, राष्ट्रिय स्तरका विकास बैंकहरुले समेत पूर्ण रुपमा क्यापिटल एडिक्वसी फ्रेमवर्क, २०१५ अनुसार पुँजीकोष कायम गर्नु पर्ने व्यवस्था लागू गर्ने राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमा उल्लेख गरेको छ।

नेपाल लेखामानअनुसार 'एक्स्पेक्टेड क्रेडिट लस मोडल' (इसिएल) कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गरिने राष्ट्र बैंकको भनाइ छ। त्यस्तै, कर्जा प्रवाहको वर्तमान अवस्था समेतको विश्लेषणको आधारमा तोकिएका क्षेत्रमा कर्जा लगानी गर्नुपर्नेसम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गरिने राष्ट्र बैंकले बताएको छ।

चालु आर्थिक वर्ष वार्षिक बजेटमा उल्लेख भएबमोजिम बैंक तथा वित्तीय संस्थाबाट निश्चित सीमाभन्दा बढी कर्जा सुविधा उपयोग गर्ने ऋणीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था पुनरावलोकन गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ।

धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका प्राइभेट इक्विटी फन्ड तथा भेञ्चर क्यापिटल फन्डमा बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीलाई सहजीकरण गर्न विद्यमान लगानीसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ । चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् 'क्रेडिट स्कोरीङ्ग' मापन गर्ने प्रणालीको विकास गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने पनि राष्ट्र बैंकको भनाइ छ।

चालु आर्थिक वर्षको २०८०/८१ को वार्षिक बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण राष्ट्र बैंकले गर्ने मौद्रिक नीतिमा व्यवस्था गरिएको छ।

त्यस्तै, बैंक तथा वित्तीय संस्था तथा अन्य भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुबीच ग्राहकको सूचना आदानप्रदान गर्ने कार्यलाई सहज बनाउन र नेपाल सरकारले जारी गरिरहेको राष्ट्रिय परिचयपत्रसमेतलाई केन्द्रीय ग्राहक पहिचान (सेन्ट्रलाइज्ड केवाइसी) प्रणालीमा आवद्ध हुने गरी केन्द्रीय ग्राहक पहिचान प्रणालीको निर्माण तथा कार्यान्वयन गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने जनाइएको छ।

**विद्युतीय भुक्तानीलाई थप सहजीकरण गरिने**

सेवाग्राहीको बढी भीडभाड हुने स्थानमा विद्युतीय भुक्तानीका लागि थप सहजीकरण गरिनेभएको छ।

आर्थिक चलखेल रोक्नका लागि नेपाल राष्ट्र बैंकले विद्युतीय माधयमबाट भुक्तानीका लागि थप सहजीकरण गर्न लागेको जनाएको छ । जसबाट राजश्व सङ्कलन थप व्यवस्थित लक्ष्य लिइएको छ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, "सार्वजनिक सेवा प्रवाह हुने मुख्य कार्यालयहरुमा विद्युतीय भुक्तानीका उपकरणहरुको प्रयोग गरी राजस्व सङ्कलन गर्ने कार्यका लागि सहजीकरण गरिनेछ।"

यसैगरी केन्द्रीय बैकले यसअघि नै विद्युतीय मुद्रा जारी गर्ने सम्बन्धमा गरेको अध्ययनका आधारमा थप कार्य अगाडि बढाउने भएको छ । सूचना प्रविधिलगायतका सेवा निर्यात गरे वापतको विदेशी मुद्रा विद्युतीय माध्यमबाट भित्र्याउने व्यवस्थालाई थप प्रभावकारी बनाइने चालु आवको मौद्रिक नीतिमा उल्लेख छ।

विद्युतीय भुक्तानीमा आबद्ध संस्थाहरुले गर्ने कारोबारको राफसाफ कार्यलाई 'प्रिन्सिपल अफ फाइनान्सियल मार्केट इन्फ्रास्ट्रक्चर'सँग सामञ्जस्य हुने गरी यस बैंकको प्रणालीमार्फत फछ्यौट हुने व्यवस्था मिलाउने मौद्रिक नीतिमा उल्लेख छ। रासस

# सहकारी संस्थाको नियमनका लागि विशिष्टिकृत निकाय स्थापना गरिने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बचत तथा ऋण सहकारी सस्थाको प्रभावकारी नियमनका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गर्ने भएको छ।

सहकारी संस्थाका बेथिती लगातार सार्वजनिक भइरहेको तथा अनेकन असन्तुष्टि सार्वजनिक भइरहेको अवस्थालाई मध्यनजर गरेर केन्द्रीय बैंकले समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने भएको हो। आइतबार सार्वजनिक भएको चालु आर्थिक बर्षको मौद्रिक नीतिमा भनिएको छ, "आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि गरिनेछ।"

सरकारले चालु आवको बजेटमा सहकारी संस्थाको बेथिती नियमन गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको छ।

विभिन्न कर्जाको जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गरिने

नेपाल राष्ट्र बैंकले शेयर धितो, सवारी साधन र घरजग्गासम्बन्धी कर्जामा रहेको विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थाप पुनरावलोकन गर्ने बताएको छ।

केन्द्रीय बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीति पुनरावालोकन गरिने उल्लेख छ । शेयर धितो कर्जामा उपलब्ध हुने रु २५ लाखसम्मको कर्जाको जोखिम भार हाल १०० प्रतिशत छ। यस्तै, सोभन्दा माथिको कर्जाको जोखिम भार एक सय ५० प्रतिशतसम्म राख्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थामा केही परिमार्जन हुने केन्द्रीय बैंकको पछिल्लो नीतिले संकेत गरेको छ। यससम्बन्धी थप व्यवस्था भने छिट्टै सार्वजनिक हुने निर्देशनमा समेटिनेछ।

यसअघि सेयर धितो कर्जाको अधिकतम सीमा रु १२ करोड बराबर कायम गरिएको थियो । आइतबार सार्वजनिक नीतिले त्यसमा पुनरावलोकन गर्ने संकेत भने गरेको छ।

यसअघि क्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल अफ चेम्बर अफ कमर्सले संयुक्तरूपमा व्यापारिक प्रयोजनका सवारीसाधन, सेयर कर्जा, घरजग्गा लगायतमा लाग्दै आएको जोखिम भार १५० प्रतिशतलाई पुनरावलोकन गरी १०० प्रतिशतमात्र हुने व्यवस्था गर्न सुझाव दिएका थिए। रासस

# सिटिजन्स बैंक र द मोक्ष मुस्ताङ थकालीबीच सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र ज्ञानेश्वरमा रहेको द मोक्ष मुस्ताङ थकाली रेस्टुरेन्ट एण्ड बारबीच सम्झौता भएको छ।




सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरुले द मोक्ष मुस्ताङ थकाली रेस्टुरेन्ट एण्ड बारमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

# नबिल बैंक राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डबाट सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । नबिल बैंक लिमिटेड नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट वार्षिक रुपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२२ बाट सम्मानित भएको छ।

नबिलले बैंकिङ क्षेत्र तर्फको सिल्भर अवार्ड प्राप्त गरेको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आर्थिक वर्ष ०२१/२२ को वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि उक्त अवार्ड




प्रदान गरेको छ।

काठमाण्डुमा आइतबार आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा. प्रकाश शरण महतले नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भूपेन्द्र पाण्डेलाई अवार्ड हस्तान्तरण गरेका थिए।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो। नबिलले २० लाख भन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६५ शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ।

नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ।

# बैंकिङ क्षेत्रमा दक्ष जनशक्ति ल्याउन नयाँ व्यवस्था


काठमाण्डु । बैंक तथा वित्तीय संस्थामा सक्षम जनशक्ति व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले नीतिगत प्रबन्ध गरेको छ। बैंक तथा वित्तीय संस्थाको विशिष्ठतालाई ख्याल गर्दै दक्षजनशक्तिको प्रबन्ध गरिएमात्रै अपेक्षित उपलब्धि हासिल गर्न सकिने र आम नागरिकले सहज रुपमा सेवा पाउने भएकाले त्यसतर्फ ध्यान दिइएको हो।

"बैंकिङ प्रणालीको स्थायित्वका लागि सक्षम जनशक्तिको व्यवस्थापन र कार्यसम्पादन सुदृढ बनाउन आवश्यक भएकाले बैंकिङ क्षेत्रको समग्र जनशक्ति विकास र व्यवस्थापनका सम्बन्धमा अध्ययन गरिने छ" मौद्रिक नीतिमा भनिएको छ।

नेशनल बैंकिङ इन्स्टिच्यूट जस्ता संस्थासँगको सहकार्यमा बैंकिङ सेवामा प्रवेश गर्न प्रवेश परीक्षा र वृत्ति विकासका लागि 'सर्टिफिकेशन कोर्ष' पूरा गरेकालाई प्राथमिकता दिनेसम्बन्धी व्यवस्था गरिन लागिएको मौद्रिक नीतिमा व्यवस्था गरिएको छ। रासस

# पुँजीबजारमा मौद्रिक नीतिको सकारात्मक प्रभाव, ६३.२४ अङ्कले बढ्यो नेप्से परिसूचक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबार चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति जारी गरेसँगै त्यसको सकारात्मक प्रभाव पुँजीबजारमा देखिएको छ।




चालु आर्थिक वर्ष २०८१/८१ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको नीतिगत दर तथा निक्षेप सङ्कलन बोलकबोल दर घटाएका छ भने नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत राखेको छ।

बैंकदर यथावत राख्ने, ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलब्ध गराउने र शेयर धितो कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने विषय पनि मौद्रिक नीतिमा राखिएको छ। उक्त नीतिका कारण ब्याजदर घट्ने अनुमान गरिएको छ।

मौद्रिक नीतिमा यस्ता व्यवस्था आएसँगै पुँजीबजारका लगानीकर्ता उत्साहित भएका छन् । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ६३ दशमलव २४ अङ्कले बढेर दुई हजार दुई सय २७ दशमलव १६ अङ्कमा कायम भएको छ। यो दुई दशमलव ९२ प्रतिशतको वृद्धि हो।

आइतबार दुई सय ६६ कम्पनीको एक करोड २० लाख दुई हजार तीन सय आठ कित्ता शेयर ७५ हजार ८६ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ३७ करोड ५१ लाख ९६ हजार दुई सय ३२ बराबरको कारोबार भएको छ। सबै समूहको उपसूचकमा आइतबार उच्च अङ्कको वृद्धि देखिएको छ।

सबैभन्दा धेरै विकास बैंक समूह एक सय ९५ दशमलव ३६ र होटल तथा पर्यटन समूह एक सय ७७ दशमलव २२ अङ्कले बढेको छ। बैंकिङ ६५ दशमलव ५६, वित्त ३३ दशमलव ५१, जलविद्युत् ४० दशमलव ७७ र लगानी समूह दुई दशमलव ५५ अङ्कले बढेको छ।

त्यस्तै, जीवन बीमा समूह एक सय २५ दशमलव ५१, उत्पादन तथा प्रशोधन समूह ९२ दशमलव १५, लघुवित्त समूह ४९ दशमलव ६५, म्युचुअल फन्ड शून्य दशमलव ०८, निर्जीवन बीमा एक सय ५८ दशमलव ११, व्यापार एक सय २१ र अन्य समूह २२ दशमलव ३४ अङ्कले बढेको छ।

आइतबारको कारोबारमा किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र चन्द्रागिरी हिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने एनआइबिल ग्रोथ फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १४ करोड ८१ लाख ५९ हजार ३७ बराबरको कारोबार भएको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै ग्लोबल आइएमई बैंक लिमिटेडको पाँच लाख ७० हजार सात सय ५१ कित्ता शेयर किनबेच भएको छ। रासस


## मल्टीपर्पस फाइनान्स लि.

**शाखा कार्यालय गौशाला, महोत्तरी**

## कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चलअचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीहरुले लिएको कर्जाको सांवा, ब्याज लगायतका अन्य रकम समेत यस वित्तीय संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैंतिस) दिने कर्जा चुक्ता गर्ने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सांवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चलअचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको आफनो लेना रकम असुल उपर गरिलिनुका साथै ऋणीको नामकर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियामावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी तथा जमानीकर्तालाई यसै सूचना द्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धतोको विवरण |
|---|---|---|
| १ | नामः राम जेनरल स्टोर्स (प्रोप्राइटर रामबावु दास तत्मा)<br>ठेगानाः जिल्ला महोत्तरी,<br>गा.वि.स फूलकाहावडा नं. ३<br>हाल गौशाला ना.पा. वडा नं. ६<br>बूवाको नामः गिरज दास तत्मा<br>बाजेको नामः सुखलाल दास | श्री नथुनी दासको नाती सुखलाल दासको छोरा जि.महोत्तरी, गा.वि.स फूलकाहा वडा नं. ३ बस्ने गिरज दास तत्माको नाउमा दर्ता कायम रहेका जि.महोत्तरी गा.वि.स भेडियाही फुलकाहावडा नं.१ स्थित कित्ता नं. १४०३ र १३०८ को क्षेत्रफल०-१-२-० र ०-१-१.५०-०को जग्गा |

# स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा अगाडि बढाइने: अर्थमन्त्री यादव



**बखतियार अलि**

मलंगवा । मधेश प्रदेशका अर्थमन्त्री संजयकुमार यादवले सरकारले स्वास्थ्य सेवालाई जनमुखी बनाउन ६ अर्ब बजेट विनियोजन गरेको बताएका छन्।

आइतबार मन्त्री यादवले सरकारी अस्पतालहरूको सेवा प्रवाह र सर्वसाधारणको समस्या सुन्न प्रादेशिक अस्पताल मलंगवाको अनुगमनको क्रममा उनले सो कुरा बताएका छन् । आठवटै जिल्लामा रहेका प्रादेशिक अस्पताललाई स्तरोन्नतिका लागि प्रदेश सरकारले २०-२० करोड रूपैयाँ विनियोजन गरेको उनले बताए।

प्रदेश सरकारले जनतालाई अनुभूति हुने गरी स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा अगाडि बढाइने मन्त्री यादवको कथन छ।

प्रादेशिक अस्पताल मलंगवालाई प्रदेशकै नम्बर १ सुविधा सम्पन्न अस्पताल बनाउने हिसावले बजेट विनियोजन गरेको मन्त्री यादवले बताए।

मन्त्री यादवले अस्पतालको इमरजेन्सी, आईसीयू, पीआईसीयू,जेनरल सेवा, एक्सरेलगायत प्रसूति गृह तथा बिरामी वार्डको अवलोकन गर्दै बिरामीको कुरुवा कक्ष, बिरामी र कुरुवाले प्रयोग गर्ने शौचालयको सरसफाइमा सुधार गर्न निर्देशन दिएका थिए ।

# शिक्षिका यादव विरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कलीशैक्षिकप्रमाणपत्रकोआधारमा धनुषामा राहत शिक्षकमा कार्यरत एक शिक्षिका विरुद्ध विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको छ।

नवयुवक आधारभूत विद्यालय, साबिक नवयुवक जनता प्राथमिक विद्यालयमा प्रा.वि. तहको अस्थायी राहत शिक्षक दरबन्दीमा नियुक्ति हुँदा बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट मध्यमा तह उत्तीर्ण गरेको भनी झुट्टा शैक्षिक प्रमाणपत्र पेश गरी शिक्षकको हैसियतमा लाभ लिइ भ्रष्टाचार गरेको आयोगको ठहर छ।

यादवले भ्रष्टाचार निवारण ऐन,




थुम्हौना, धनुषामा कार्यरत राहत शिक्षक सीता कुमारी यादव विरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन्।

यादवको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको निवेदन परेकोमा अनुसन्धान गर्दा यादवले २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको भन्दै आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ विशेष अदालतमा आरोपपत्र दायर गरेको प्रवक्ता दाहालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# 'खाँणमाथि राज्यले ठूलो अन्याय गरेकोछ'

**टुडे समाचारदाता**

काठमाडौं । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पार्टीका नेता बालकृष्ण खाँणमाथि राज्यले ठूलो अन्याय गरेको बताएका छन् । आइतबार केन्द्रीय समिति बैठकमा बोल्दै उनले खाँणलाई राज्यले फसाएको बताएका छन् ।

'हाम्रो आदरणीय नेता, नेपाली कांग्रेसका जुझारु नेता बालकृष्ण खाँणलाई राज्यले फसाएको छ, उहाँमाथि राज्यले ठूलो अन्याय गरेको छ । अहिलेसम्मको अनुसन्धानबाट न कुनै जाहेरी छ, न उहाँलाई कसैले पोलेको छ, न कुनै प्रमाण भेटिएको छ' उनले भने, 'तर थप मुद्दा राजद्रोह पनि लगाइएको छ। ठगी मुद्दामा राजद्रोह लगाउने हो भने दिनमा १०/२० वटा राजद्रोहको मुद्दा लाग्छ।'

सहमहामन्त्री यादवले खाँणमाथि अभियोगमात्र लागेको तर प्रमाणित नभएकाले कसुरदार जस्तो



व्यवहार गर्न नहुने बताए। खाँणले पार्टीका नेता कार्यकर्ताको धेरै संरक्षण गरेको भन्दै यादवले उनलाई दुख पर्दा सहयोग गर्नुपर्ने बताए।

'तपाईले एक लाठी खाँदा उहाँले गएर छोप्नुहुन्थ्यो। उहाँले पनि धेरै दुख गरेर आउनुभएको छ, धेरै लाठी खाएर आउनुभएको छ। सक्नुहुन्छ भने सहयोग गरौं, सक्नुहुन्न भने असहयोग नगरौं। उहाँ हाम्रो परिवारका साथी हो' सहमहामन्त्री यादवले भने । उनलाई अदालतले खाँणलाई निर्दोष सावित गर्ने आशा पनि व्यक्त गरे।

# योजनाकारबारे ध्यानाकर्षण गराउन समिति गठन

**राकेश यादव**

गौर । गौर हत्याकाण्डको योजनाकार र त्यस पछाडिको घटना क्रमलाई ध्यानाकर्षण गराउनको लागि २१ सदस्यीय सर्वदलीय/सर्वपक्षीय संघर्ष समिति गठन गरिएको छ।

उपचुनावको बेला निर्वाचन आयोगमा दर्ता भएको आम जनता पार्टीका अध्यक्ष प्रभु साहले ०६३ साल चैत ७ गते गौर राइस मिलको मैदानमा भएको झड्पमा मृत्यु भएको २७ जना माओवादी कार्यकर्ताको हत्याको आरोप लागेका माथि कारबाही गर्नुपर्ने माग राख्दै प्रदर्शन गरेपछि ६ राजनीतिक दलका जिल्ला स्तरीय नेताको आइतबार बसेको सर्वदलीय बैठकबाट पूर्व प्रदेश सांसद राम किशोर यादवको संयोजकत्वमा २१ सदस्यीय संघर्ष समिति गठन गरिएको छ।



संघर्ष समितिले गौर राइस मिलको मैदानमा तत्कालीन मधेशी जनाधिकार फोरम नेपालले मधेशआन्दोलनकोबारेमाजानकारी गराउन आयोजना गरिएको आम सभालाई विथोल्नका लागि नेकपा माओवादीले बलपूर्वक कार्यक्रम गरी दोहोरो झड्प गराउन बनाएको योजना बारे जानकारी गराउन साउन ९ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने निर्णयसमेत गरेको संघर्ष समितिका प्रवक्ता रामेश्वर प्रसाद यादवले जानकारी दिए।

गठन गरिएको संघर्ष समितिमा सुनील कुमार यादव सभापति नेपाली कांग्रेस , रामचन्द्र गिरी सचिव नेपाली कांग्रेस , वीरेन्द्र पाण्डेय प्रदेश सदस्य नेकपा माओवादी केन्द्र , श्याम बिहारी यादव जिल्ला अध्यक्ष जसपा , योगेन्द्र यादव जसपा , अशोक कुमारी सिंह केन्द्रीय सदस्य जनमत पार्टी , कमल प्रसाद यादव जिल्ला अध्यक्ष नेकपा एस, अवधेश प्रसाद यादव नेकपा एकीकृत समाजवादी ,वृज किशोर यादव नेकपा एकीकृत समाजवादी ,रेवन्त झा नेकपा एस , रामेश्वर प्रसाद यादव , जसपा, बाबुलाल साह कानु पूर्व प्रदेश सांसद लोसपा,अनिल कुमार सिंह लोसपा , शेष जमशैद लोसपा , अमर प्रसाद यादव , मोहन कुमार यादव नगर सभापति नेपाली कांग्रेस गौर , जगरनाथ प्रसाद केसरी नागरिक समाज , धर्मेन्द्र प्रसाद यादव नगर अध्यक्षनेपली कांग्रेस राजदेवी नपा , शंकर राय यादव रहेको जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

गौर घटना गराउने मुख्य योजनाकार आम जनता पार्टीको केन्द्रीय अध्यक्ष प्रभु साह रहेको ठहर संघर्ष समितिको रहेको छ । मधेशमा बसोवास गर्ने आदिवासी ,जनजाति ,दलित ,मुस्लिम ,मधेशी ,थारू ,अल्पसंख्यक ,पिछडिएको बर्ग समुदायको अधिकारको लागि फोरम नेपालले घोषणा गरेको मधेश आन्दोलनलाई कमजोर पर्ने योजना अनुरूप माओवादीले नेपालगंजमा फोरमको कार्यक्रममा हमला गरेको थियो।

माओवादीका वर्गीय संगठन मधेशी मुक्ति मोर्चाको संयोजकको रुपमा रहेका प्रभु साह र जनसरकार प्रमुखको रुपमा रहेका विन्देश्वर यादवले घटना हुनु भन्दा ५ दिन पहिला गौरमा पूर्व नगरप्रमुख अजय कुमार गुप्ता , बाबुलाल साह , शम्भु साहलगायतका व्यक्तिमाथि आक्रमण गरिएको थियो।

फोरम नेपालको कार्यक्रम तय भएको दिन आफ्नो कार्यक्रम राखेर निहु खोजने , व्यापारी ,कर्मचारीलाई धम्क्याउने गरेको कार्यबाट आक्रांत भएको सर्वसाधारणले गौर राइस मिलको मैदानमा माओवादी कार्यकर्तामाथि आक्रमण गरेका थिए।

२०६३ साल चैत्र ६ गते बाहिर जिल्लाबाट माओवादी कार्यकर्ता ल्याएर रामजानकी धर्मशाला गौरमा राखेका प्रभु साहलाई स्थानीय प्रशासनले पहिलादेखि फोरमको कार्यक्रम तय रहेकोले सो ठाउँमा कार्यक्रम आयोजना नगर्नु आग्रह गर्दा पनि बलपूर्वक कार्यक्रम गरेको र फोरमको जुलुसमाथि आक्रमण गर्न लगाएको कारण गौर राइस मिलको घटना घटेको पूर्व प्रदेश सांसद बाबुलाल साहले बताए।

गौर घटना राजनीतिक विषय र अत्याचार विरुद्धको भएकोले त्यसलाई उचालेर पुनः जिल्लामा द्वन्द्व गराउन प्रभु साहको योजना भएको आरोप साहको रहेको छ।

# छ पालिका बजेटविहीन

**टुडे समाचारदाता**

मलंगवा।जनप्रतिनिधिबीचको विवादका कारण सर्लाहीको छ वटा पालिका बजेटविहीन बनेका छन्।

यहाँको २० मध्ये १९ वटा पालिकाले गाउँ तथा नगर सभाको उद्घाटन सत्र सम्पन्न गरे पनि बजेट पारित गर्न सकेका छैनन् । चरम विवादमा फसेको हरिपूर्वा नगरपालिकाले नगर सभाको उद्घाटन सत्र नै गर्न सकेन।




उद्घाटन सभा गरेका बाँकी १९ वटा पालिकामध्ये हरिवन नगरपालिका, चन्द्रनगर गाउँपालिका, रामनगर गाउँपालिका, बलरा नगरपालिका र बसबरिया गाउँपालिकाले जनप्रतिनिधिबीचमै टकराव बढ्दा बजेट पारित गर्न नसकेका छन् ।

बसबरिया गाउँपालिकामा गाउँसभाको उद्घाटनसत्रमा झडप नै हुन पुगेको थियो । यहाँ एउटै पार्टीबाट निर्वाचित गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच टकराव बढ्दा बजेट ल्याउन नसकिएको छ । लामो समय तालाबन्दीपछि आर्थिक वर्षको अन्तिममा आएर दुई साताअघि मात्रै तालाबन्दी खुलेको हरिपूर्वा नगरपालिकाले जनप्रतिनिधिबीच टकराव जारी रहँदा नगर सभा प्रारम्भ नै गर्न सकेको छैन।

यहाँ अघिल्ला जनप्रतिनिधिको कार्यकाल पाँच वर्षसम्म विवादमै कोठा लिएर वितेको थियो । नगर प्रमुख विनोदकुमार साह एकलौटी ढङ्गले चलेको भन्दै अन्य जनप्रतिनिधि र राजनीतिक दलका नेता आन्दोलित हुँदा हरिपूर्वामा बजेटबारे अन्योलता देखिएको छ।

अनेक मिथ्या आरोप लगाएर कामै गर्न नदिइ नगरपालिकालाई असफल बनाउने प्रयत्न भइरहेको गुनासो नगर प्रमुख साहले बताए।

हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल) ले असन्तुष्ट अन्य जनप्रतिनिधिलाई सहमतिमा ल्याइ नगर सभाको उद्घाटन सत्र सम्पन्न गरे पनि बजेटमाथिको छलफल प्रारम्भ गराइ पारित गराउन सकेका छैनन्।

असन्तुष्ट वडाध्यक्ष र बहुमत कार्यपालिका सदस्यले गएको बुधबार नगरपालिका कार्यालयमा पत्रकारसम्मेलन आयोजना गरी आफ्नो धारणा सार्वजनिक गर्ने अन्तिम तयारी गरेकोमा प्रमुख बुढाथोकीले नगरभित्रका शीर्ष नेतासँग समन्वय गरी असन्तुष्टि बाहिर ल्याउनबाट रोकेका थिए ।बुढाथोकीले जतिसक्दो चाँडो बजेट ल्याउने गरी समन्वय गरिरहेको दाबी गरे।

चन्द्रनगर र बसबरिया गाउँपालिकामा उपाध्यक्षसहित बहुमत सदस्य विरोधमा हुँदा बजेट पारित हुन सकेको छैन।

पालिकाका प्रमुखको नेतृत्वमा युवा रहेको बलरा नगरपालिका र रामनगर गाउँपालिकाले पनि सहमति जुटाउन नसक्दा बजेट पारित गर्न नसकेको अवस्था रहेको देखिएको छ।

यसरी जनप्रतिनिधिबीचको मनमुटावले पालिकाको बजेटसहित अन्य काम कारबाही प्रभावित भएको गुनासो स्थानीयवासीले गर्दै आइरहेका छन्।

स्थानीय वासिन्दाका अनुसार प्रत्येक पालिकामा मुख्य गरी बजेट बाँडफाँटकै विषयमा जनप्रतिनिधिबीच विवाद देखिने गरेको छ।

# ३० करोडको एमआरआई मेशिन प्रयोगविहीन

**टुडे समाचारदाता**

वीरगञ्ज । स्वास्थ्य मन्त्रालयले ३० करोड रुपैयाँमा खरिद गरी नारायणी अस्पताल वीरगञ्जमा पठाएको एमआरआई मेशिन ४ महिनादेखि प्रयोगविहीन देखिएको छ।

स्वास्थ्य मन्त्रालय मातहतको स्वास्थ्य सेवा विभागले टेण्डर आह्वान गरी आपूर्तिकर्ता लुम्बिनी हेल्थ केयर प्रा लि मार्फत खरिद गरेको एमआरआई मेशिन नारायणी अस्पतालमा गत चैत्र महिनामा आइपुगेको थियो।



मेसिन आएको ४ महिना वितिसक्दा पनि अस्पताल प्रशासनको लापरबाहीका कारण मेशिन अहिलेसम्म सञ्चालनमा आउन नसकेको बिरामीहरू आक्रोशित भएका छन्।

गत जेठ २५ गते अस्पताल प्रशासनले एक सूचना जारी गरी अस्पतालमा आइपुगेको एमआरआई मेसिनबाट असार १५ गतेदेखि सेवा सुरु गरिने जानकारी गराए पनि अझै मेशिनबाट सेवा सुरु हुन सकेको छैन।

अस्पतालको भवनमा एमआरआई कक्ष तयार गरी एमआरआई मेशिन जडान गरिसकिएको भए पनि मेशिन सञ्चालनका लागि जेनरेटरको व्यवस्थापन हुन नसक्दा मेसिन प्रयोगविहीन अवस्थामा रहेको अस्पतालले जनाएको छ।

मेशिन आपूर्तिकर्ता लुम्बिनी हेल्थ केयर प्रालिका प्राविधिक इन्जिनियर विनोद चौधरीका अनुसार एमआरआई मेसिन सञ्चालनका लागि ५०० केभिए क्षमताको जेनरेटर चाहिने र सो मेसिनलाई २४ सै घण्टा चिसोमा राख्नुपर्ने हुन्छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर चित्तरञ्जन साहका अनुसार एमआरआई कक्षमा मेसिन जडान गरी एक महिना पहिले २०० केभिए क्षमताकै जेनेरेटर चलाएर परिक्षण गरिएको थियो । त्यस क्रममा आवश्यक विद्युतीय ऊर्जा नपुग्दा मेसिनबाट हिलियम ग्याँस लिक भएको उनले बताए।

उहाँले मेसिन सञ्चालनका लागि चाहिने ५०० केभिए क्षमताको नयाँ जेनेरेटर खरिदका लागि आवश्यक बजेट अस्पतालसँग उपलब्ध नहुँदा सञ्चालनमा समस्या भएको जानकारी दिए।

यसैबीच, अस्पताल प्रशासनले बजेटको व्यवस्थापन नहुदाँसम्मका लागि मासिक ४ लाख ५० हजार रुपैयाँ भाडा तिर्ने गरी ५०० केभिए क्षमताको जेनेरेटर ल्याएर अस्पतालमा राखिएको र मेशिन परीक्षणको क्रममा लिक भएको हिलियम ग्याँस रिफल गर्न आपूर्तिकर्ता कम्पनीले ढिलो गर्दा समस्या भएको जनाएको छ।

# बीपिको सिद्धान्त र मार्गदर्शन अहिले पनि उतिकै सान्दर्भिक : सांसद यादव

**टुडे समाचरदाता**

राजविराज । बीपि स्मृति दिवसको अवसरमा सप्तरीका दुई स्थानमा आइतबार विभिन्न जातका ६ सय विरुवा रोपिएको छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सप्तरी क्षेत्र नं. ३ बाट निर्वाचन प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवको प्रमुख आतिथ्यमा राजविराज नगरपालिका वडा नं. ९ गढीया स्थित जनता राष्ट्रिय प्राथमिक विद्यालय तथा राजगढ गाउँपालिकाको कार्यालय परिसरमा गरी विभिन्न जातका ६ सय विरुवा रोपिएको छ

राजगढ गाउँ कार्यपालिका परिसरमा तीन सय पचास र राजविराज स्थित जनता राष्ट्रिय प्राथमिक विद्यालयमा २ सय ५० रोपिएको नेपाली कांग्रेस क्षेत्र नं. २ का सभापति महानन्द यादवले जानकारी दिए।



वृक्षरोपण कार्यक्रममा सांसद यादवले बीपिको सिद्धान्त र मार्गदर्शन अहिले पनि उतिकै सान्दर्भिक रहेको बताउँदै उनको दुरदर्शितालाई कम्युनिष्टहरुले चिन्न नसकेको टिप्पणी गरेका थिए।

बीपिले नेपाली राजनीतिक सँगै साहित्यमासमेत योगदान पुऱ्याएको चर्चा गर्दै उनले बीपिको योगदान भावी पुस्ताका लागि अनुकरणीय रहेको बताए।

उनले बीपिको विचार र चिन्तनलाई समावेश गरेर अघि बढेको बताउँदै आगामी निर्वाचनमा कांग्रेस पहिलो पार्टी बन्ने दाबी समेत गरे। बीपि दूरदर्शी र परिपक्व नेता हुनुहुन्थ्यो, उनले भने- उनकै मार्गदर्शनमा हिँडेर अब राम्रो काम गर्दै संगठन बलियो बनाउन सबै जुट्नुपर्ने बेला आएको छ।

कार्यक्रममा कांग्रेस क्षेत्र नं. २ का सभापति महानन्द यादव, क्षेत्रीय उपसभापति महेन्द्र यादव, तरुण दलका केन्द्रीय सदस्य रमण यादव, काँग्रेस राजगढ गाउँपालिका समितिका सभापति दिपेन्द्र यादव लगायतले पनि बोल्दै वीपीको चिन्तन र व्यवहारको जगमा काँग्रेसलाई अगाडी बढाउनुपर्नेमा जोड दिएका थिए।

त्यस्तै,वीरगञ्जमा आयोजित कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले बीपि कोईरालाको फोटोमा फूलमाला अविर अर्पण गर्दै बीपिको सिद्धान्तमा नेपाली कांग्रेसका योद्धाहरुलाई हिड्न आग्रह समेत गरे।

त्यस्तै, रौतहटको गौरमा नेपाली कांग्रेस जिल्ला कार्यसमिति रौतहटले नेपाली कांग्रेसका सस्थापक नेता स्वर्गीय बीपि कोइरालाको नाउमा स्मृति भवन निर्माण गर्न १८ लाख भन्दा बढ़ी रकम संकलन गरेको छ।

संकलन गरिएको रकम आइतबार नेपाली कांग्रेस जिल्ला कार्यसमिति रौतहटको खातामा जम्मा गरिएको छ।

बीपि स्मृतिको अवसरमा पार्टीका नेता कार्यकर्ताबाट बीपिको यादमा बीपि स्मृति भवन निर्माणको लागि जग्गा खरिद गर्नलाई १८ लाख २८ हजार रुपैयाँ खातामा जम्मा गरिएको जिल्ला सभापति सुनील कुमार यादवले जानकारी दिए।

बीपिको सम्झनामा स्मृति भवन निर्माण गराउन लागेको सभापति यादवको भनाइ रहेको छ। उनले बीपि स्मृति भवन निर्माणको कार्यमा सहयोग गर्न पार्टीका नेता कार्यकर्ताहरुलाई आग्रह गरे।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, टयाब, ल्यापटप आदि)को अधिक प्रयोग:**

- बालबालिकाको आँखाको ज्योति विग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गसमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८